सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२७ फागुन २०७९, शनिबार (11 March 2023, Saturday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १६ ■ अंक ३२१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

■ बाजुराका आमाहरूको कथा

उपचार नपाएर अकालमै ज्यान गुमाउँछन् सुत्केरी

गर्भवतीले नियमित स्वास्थ्य जाँच, आराम र पोषिलो खानेकुरा नपाउने, तर कडा परिश्रम गर्नुपर्ने र सुत्केरी गराउन स्वास्थ्य संस्थामा नजाँदा बाजुरामा सुत्केरी आमाहरूको मृत्युदर बढिरहेको छ। पोषिलो खानेकुराको अभावमा हुने कुपोषणले अत्यधिक रक्तस्राव हुँदा आमा र बच्चा दुवैको ज्यान जोखिममा पर्ने गरेको छ।

बाजुरामा **गगन अयडी**

बाजुराको बुढीगंगा नगरपालिका- २ बजेडीकी १७ वर्षीया गर्भवती लक्ष्मी लुहार गत १६ फागुनमा स्वास्थ्य परीक्षणका लागि ब्रह्मतोला स्वास्थ्य चौकी पुगिन्। नौ महिनामा पहिलोपटक उनले आफ्नो पेटमा जुम्ल्याहा शिशु हुर्किरहेको थाहा पाइन्। स्वास्थ्यकर्मीले गर्भका शिशु र आमाको स्वास्थ्य सामान्य रहेको जानकारी गराएपछि श्रीमान् प्रकाशसँगै उनी खुसी हुँदै घर फर्किन्।

तर, १० दिन नबित्दै उनीहरूको परिवारमा बज्रपात भएको छ। बिहीबार बिहानदेखि सुत्केरी बेथा लागेकी लक्ष्मीले समयमै उपचार नपाएर ज्यान गुमाएकी छिन्। उनले जन्माएका दुई छोरीमध्ये एकको मृत्यु भएको छ। बिहान १० बजेतिर लक्ष्मीलाई बेथाले च्याप्न थालेपछि पति प्रकाशले गाउँकै महिला स्वयंसेविका कल्पना जैसीको घर पुगेर हेरिदिन आग्रह गरे। तर, उनले आफूलाई सुत्केरीबारे केही जानकारी नभएको जवाफ दिइन्। पत्नीलाई स्वास्थ्य चौकी लैजान स्ट्रेचर मागे, त्यो पनि कल्पनाले गाउँकै अर्को घरमा लगेको जवाफ दिइन्।

यता घरमा लक्ष्मीको बेथा बढ्दै थियो। गाउँमा नपाएपछि प्रकाशले दुई घन्टा हिँडेर ब्रह्मतोला स्वास्थ्य चौकी पुगेर स्ट्रेचर ल्याए। त्यतिवेलासम्म लक्ष्मीले एउटी छोरी जन्माइसकेकी थिइन्। अर्को शिशु जन्माउन नसकेर थप गाह्रो हुँदै गइरहेको थियो। पति प्रकाशसहितले दिउँसो १२ बजेपछि लक्ष्मीलाई ब्रह्मतोला स्वास्थ्य चौकी पुऱ्याए। त्यहाँ उनले अर्की छोरीलाई जन्म दिइन्।

तर, लक्ष्मीको रक्तस्राव रोकिएन। अत्यधिक रक्तस्राव भएपछि स्वास्थ्य चौकीले बेलुका ४ बजे अछामको बयलपाटा अस्पताल रेफर गऱ्यो। बयलपाटा लैजाँदै गर्दा लक्ष्मीले बाटोमै प्राण त्यागिन्। 'स्वास्थ्यकर्मीले सुरुमा अवस्था ठीकै छ नआत्तिनुस् भनेका थिए, तर केही घन्टापछि सुत्केरीको अवस्था जटिल भयो, यहाँ सकिन्न अछामको बयलपाटा लैजानुस् भने,' प्रकाशले भने, 'समयमै रेफर गर्न सुझाव पनि दिएनन्।' पेटमा दुईवटा बच्चा रहेको जानकारी पनि १० दिनअघि मात्रै थाहा पाएको उनले बताए।

ब्रह्मतोला स्वास्थ्य चौकी इन्चार्ज पदम भण्डारीले अत्यधिक रक्तस्राव र कम उमेरका कारण बच्चा जन्माउन गाह्रो भएर लक्ष्मीको मृत्यु भएको बताए। 'रक्तस्राव धेरै भयो, कम उमेरका कारण बच्चा जन्माउन पनि गाह्रो भयो। समयमै उपचार नपाउँदा लक्ष्मीको ज्यान गयो। जिल्लामा सुविधासम्पन्न अस्पताल भइदिएको भए उनीलगायत कतिपय सुत्केरीले अकालमै ज्यान गुमाउनुपर्थेन,' उनले भने। जटिल केस भएकाले आफूले बयलपाटा रेफर गरेको उनले बताए। लक्ष्मीले स्वास्थ्य चौकीमा जन्माएकी छोरीको पनि मृत्यु भइसकेको भण्डारीले बताए।

» पृष्ठ २ मा क्रमशः



■ चार वर्षमा उपचार अभावमा ११ सुत्केरीले गुमाए ज्यान

समयमै उपचार नपाएर बाजुरामा पछिल्ला चार वर्षमा ११ सुत्केरीले अकालमै ज्यान गुमाइसकेका छन्। ०७६ मा पाँच, ०७७ मा एक, ०७८ मा दुई र ०७९ मा तीन सुत्केरीको मृत्यु भएको जिल्ला जनस्वास्थ्य कार्यालयले जनाएको छ। तर, वास्तविक तथ्यांक अझ धेरै रहेको स्थानीयको भनाइ छ। गत फागुन पहिलो साता बडीमालिका नगरपालिका- १ की २६ वर्षीया जानकी विक लुहार र पुसमा बुढीगंगा नगरपालिका- ६ की २० वर्षकी नितु जैसीको मृत्यु भएको थियो। त्यस्तै, ०७८ मा त्रिवेणी नगरपालिका किम्नीकी २० वर्षीया जौलादेवी विक र हिमाली गाउँपालिका- ४ तिथिचौरकी २१ वर्षीया गंगा चदाराको अत्यधिक रक्तस्रावका कारण मृत्यु भएको थियो। ०७७ मा बुढीनन्दा नगरपालिका- ४ की अम्बकला रोकायाले ज्यान गुमाएकी थिइन्। ०७६ मा जगन्नाथ गाउँपालिका- ५ की ३५ वर्षीया पुल्ती रावल, बडीमालिका नगरपालिका- ७ की वसन्ती नेपाली र बुढीनन्दा नगरपालिका- १० की ३५ वर्षीया निर्मला बोहराको मृत्यु भएको थियो। सोही वर्ष त्रिवेणी नगरपालिका- १ की ३७ वर्षकी रेजिया नेपाली, बुढीगंगा नगरपालिका- ७ की २० वर्षीया कमला उखेडले पनि ज्यान गुमाए।

■ हवाई एम्बुलेन्स सेवाका लागि प्रदेश सरकारसँग ५३ लाख बजेट, तर खर्च भएको छैन



धनगढी/ जटिल प्रसूति तथा कडा रोगीलाई आकस्मिक हवाई एम्बुलेन्स सेवा दिन सुदूरपश्चिम सरकारले चालू आर्थिक वर्षमा ५३ लाख ३५ हजार रुपैयाँ विनियोजन गरेको छ। तर, सात महिना बित्दा पनि एक रुपैयाँ खर्च गरेको छैन। उद्धारका लागि आग्रह नआएपछि बजेट खर्च नभएको प्रदेशको सामाजिक विकास मन्त्रालयका निमित्त सचिव गणेशबहादुर सिंहको दाबी छ।

प्रदेश सरकारले यस्तो सेवाका लागि 'जटिल प्रसूति तथा कडा रोगीलाई आकस्मिक हवाई एम्बुलेन्समार्फत प्रेषण सेवा' कार्यक्रम नै घोषणा गरेको छ। तर, यस वर्ष अहिलेसम्म उद्धारका लागि कतैबाट आग्रह नै नआएकाले बजेट खर्च नभएको प्रदेशको सामाजिक विकास मन्त्रालयका निमित्त सचिव गणेशबहादुर सिंहको दाबी छ।

'यस वर्ष अहिलेसम्म उद्धारका लागि कुनै ठाउँबाट माग आएको छैन,' सिंहले भने, 'जटिल केसमा माग भई आए हवाई उद्धार गरी सहयोग गर्न हामी तयार छौं।' प्रदेश सरकारको कार्यक्रमअन्तर्गत हवाई उद्धारका लागि प्रक्रिया पनि सजिलो रहेको उनको भनाइ छ।

जिल्ला प्रशासन, इलाका प्रशासन, अस्पताल, पालिका आदि कुनै माध्यमबाट सुत्केरी तथा कडा रोगीको अवस्था जटिल रहेको जानकारी आए उद्धार गर्ने गरिएको मन्त्रालयले जनाएको छ। 'त्यस्तो अवस्थामा प्रक्रिया मिलाउँदै गरिन्छ, पहिले उद्धार गर्छौं,' सचिव सिंहले भने।

बाजुरामा उपचार नपाएर सुत्केरीको मृत्यु भएको आफूले पनि सुनेको उनले बताए। 'यो घटनाबारे मैले पनि धेरै बुझेको छैन। समाचारबाटै थाहा पाएको हो,' सिंहले भने, 'हवाई उद्धार गर्न अवस्था जटिल छ भन्ने पूर्वआकलन नभएको हुन सक्छ।'

प्रदेश सरकारले आर्थिक वर्ष ०७६/७७ बाट गर्भवती, सुत्केरी महिला तथा ज्यान जोखिममा परेका महिलाको आकस्मिक हवाई उद्धार कार्यक्रम ल्याएको हो। चालू आर्थिक वर्षबाट यसलाई जटिल प्रसूति तथा कडा रोगीलाई आकस्मिक हवाई एम्बुलेन्समार्फत प्रेषण सेवा नाम दिइएको छ। मन्त्रालयका अनुसार कार्यक्रमअन्तर्गत गत वर्षसम्म १२ जनाको उद्धार गरिएको छ। गत वर्ष मात्रै तीनजनाको उद्धार गरिएको मन्त्रालयको तथ्यांक छ।

झन् नयाँ



विद्यार्थी नेता हुँदाका रामचन्द्र

साथी

● विपिन कोइराला



रामचन्द्रका लागि चिठी लुकाएर जेलभित्र पुऱ्याउँथे दिलप्रसाद

● नारायण रिजाल

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

■ नवनिर्वाचित राष्ट्रपतिको सुरुवाती सवारीमै सर्वसाधारणलाई सास्ती

राष्ट्रपतिमा निर्वाचित भएपछि बिहीबार संसद् भवनमा प्रतिक्रिया दिँदै रामचन्द्र पौडेलले भनेका थिए, 'अब जाम हुँदैन, गणतन्त्रको राष्ट्रपति र राजतन्त्रको राष्ट्राध्यक्ष कस्तो हुनुपर्छ त्यो म देखाउनेछु। यी दुई शासनबीच के भिन्नता छ तपाईंहरूले देख्न पाउनुहुनेछ।' तर, २४ घन्टा नबित्दै सडक खाली गराएर उनी पशुपतिदेखि सुन्दरीजलसम्म पुगे।

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

नवनिर्वाचित राष्ट्रपति रामचन्द्र पौडेलको सुरुवाती सवारीमै सर्वसाधारणले सास्ती खेप्नुपरेको छ। शुक्रबार सर्वसाधारणलाई असहज हुने गरी सडक खाली गरेर सवारी गराइएपछि पौडेलको आलोचना भएको छ। उनले सोमबार पद तथा गोपनीयताको शपथ लिँदै छन्।

राष्ट्रपतिमा निर्वाचित भएपछि बिहीबार संसद् भवनमा प्रतिक्रिया दिँदै पौडेलले 'अब जाम हुँदैन, गणतन्त्रको राष्ट्रपति र राजतन्त्रको राष्ट्राध्यक्ष कस्तो हुनुपर्छ त्यो म देखाउनेछु। यी दुई शासनबीच के भिन्नता छ तपाईंहरूले देख्न पाउनुहुनेछ' भनेका थिए। तर, २४ घन्टा नबित्दै उनको सवारीमा सडक खाली गराइयो।

पौडेलको सचिवालयका अनुसार बिहान सवा ९ बजे पशुपतिनाथ मन्दिरमा दर्शन तथा पूजाआजाका लागि पुगेका राष्ट्रपति पौडेलले करिब आधा घन्टा बिताएका थिए। पशुपतिनाथको दर्शन तथा पूजा सकेपछि उनले सुन्दरीजलस्थित बिपी संग्रहालय पुगेर जननिर्वाचित प्रधानमन्त्री एवं काग्रेसका संस्थापक बिपी कोइरालालगायत नेताको सालिकमा माल्यार्पण गरेका थिए। उनी पशुपति प्रवेश गर्दा र त्यहाँबाट निस्केर सुन्दरीजल जाँदा सडक खाली गरिएको थियो। एकतर्फी लेन खाली गराउँदा सवारी आवागमन ठप्प भएको थियो। सर्वसाधारणले सडकमै हर्न बजाएर विरोध गरेका

» पृष्ठ २ मा क्रमशः

सेनाको हातमा मात्र व्यवस्थापनको जिम्मेवारी हुँदैन

● **कृष्णप्रसाद भण्डारी**, प्रवक्ता, सेना



गृह मन्त्रालयले बनाएको कार्यविधि पालना गरेर सेनाले कार्यसम्पादन गर्छ। कार्यविधिको व्यवस्थाअनुसार राष्ट्रपतिको सुरक्षामा सेनाको सहभागिता हुन्छ। सबै निकायसँग समन्वय रहन्छ। तर, सवारीलगायतको व्यवस्थापनको काम गृहको कार्यविधिअनुसार गृहबाट हुने गर्छ। सेनाको हातमा मात्र व्यवस्थापनको जिम्मेवारी हुँदैन।

नसच्याउने हो भने सर्वसाधारणमा माथिल्लो निकायप्रति वितृष्णा बढ्छ

● **हेमन्त मल्ल**, पूर्वडिआइजी



राष्ट्रपतिको सवारी व्यवस्थापनमा राष्ट्रपति कार्यालय र सुरक्षा निकाय जिम्मेवार हुन्छन्। यसमा दुई निकायबीच समन्वय अभाव देखिन्छ। यसलाई तत्कालै सुनुवाइ गरेर व्यवस्थापन गर्नुपर्छ। पटकपटक गुनासो आउँदा पनि समस्या समाधान नहुने हो भने माथिल्लो निकायप्रति वितृष्णा आउँछ।



राष्ट्रपति पौडेल पशुपतिमा पूजा गरेर सुन्दरीजलस्थित बिपी संग्रहालय जाने क्रममा खाली गराइएको चाबहिल-बौद्ध सडकखण्ड। तस्बिर सौजन्य : **किसन पाण्डे**/उकालोडटकम

■ दुई वर्षपछि काठमाडौं महानगरको आफ्नै भवन बन्दै छ

तर, मासिक ६० लाख भाडा तिर्ने गरी १० वर्षका लागि काठमाडौं प्लाजामा सर्दै

शिवहरि घिमिरे/नयाँ पत्रिका

काठमाडौं महानगरले टेकुस्थित वातावरण विभागसँगै ७० करोड (भ्याटबाहेक) लागतमा नयाँ भवन बनाउँदै छ। ६ तले उक्त भवन आगामी दुई वर्षभित्र निर्माण भइसक्ने स्टिमेट छ। करोडौंको आफ्नै भवन निर्माण भइरहे पनि ठूलो रकम तिर्ने गरी महानगरले भाडाको भवनमा कार्यालय सार्न लागेको छ। कमलादीस्थित नेपाल ट्रस्टको काठमाडौं प्लाजामा मासिक ६० लाख भाडा तिर्ने गरी फागुनभित्रै सर्न लागेको हो।

०७२ को भूकम्पयता महानगरको प्रशासनिक सेवा सुन्धारास्थित जेडिए कम्प्लेक्सबाट सञ्चालन भइरहेको छ। कम्प्लेक्सलाई महानगरले मासिक १८

» पृष्ठ २ मा क्रमशः



फाइल तस्बिर

सम्झौताअनुसार काठमाडौं प्लाजाको पूरै भवन महानगरले प्रयोग गर्न पाउनेछ। यस भवनमा ७० वटा चारपाङ्ग्रे र सयवटा मोटरसाइकल पार्किङ गर्न मिल्छ। भवनसँगैको दुई रोपनी खाली जग्गा पनि महानगरले प्रयोग गर्न पाउँछ। नेपाल ट्रस्टसँग १० वर्षका लागि भवन भाडामा लिने निर्णय भइसके पनि अन्तिम सम्झौता भने फागुनमै हुनेछ। महानगरले अहिले १० स्थानबाट सेवा प्रवाह गर्दै आएको छ। सो सेवालाई एकीकृत रूपमा प्रवाह गर्न काठमाडौं प्लाजा सर्न लागिएको हो। सहप्रवक्ता अधिकारीले भने, 'एकै भवनबाट सबै सुविधा प्रवाह गर्न सहज हुने भएकाले सर्न लागिएको हो।'

■ निर्माणाधीन भवन कति बन्यो ?

टेकुमा निर्माणाधीन भवनमा भ्रष्टाचार भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पुस ०७८ मा महानगरका निर्देशक भैरवबहादुर बोगटी, खरिद एकाइ प्रमुख उपनिर्देशक बखतबहादुर साउद, उपनिर्देशक वीरबहादुर खड्का, उपनिर्देशक सुमन अधिकारी र इन्जिनियर उमेश बुढाथोकीविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको थियो। विशेष अदालतले भ्रष्टाचार ठहर गर्दै पाँचजना कर्मचारीलाई कारबाहीको फैसलासमेत गरिसकेको छ। फैसलापछि भवन निर्माण अघि बढाउन थालिएको महानगरका भौतिक पूर्वाधार विभाग प्रमुख रामबहादुर थापाले बताए।

फैसलामा भवन निर्माणको काम नरोक्नू भन्ने आदेश भएकाले काम सुरु गर्ने तयारी भएको थापाले बताए। चैत ०७७ देखि निर्माण सुरु गरिएको भवन निर्माणमा भ्याटबाहेक ७० करोड रुपैयाँ छुट्याइएको थियो। समानान्तर निर्माण कम्पनीलाई भवन निर्माणको ठेक्का दिइएको थियो। तर, भवन निर्माण गर्दा अनियमितता भएपछि अख्तियारले मुद्दा चलायो। मुद्दाको फैसला आइसकेकाले दुई वर्षमा भवन निर्माण भइसक्ने महानगरको दाबी छ। महानगरको सेवा एकीकृत गर्न भन्दै ०७७ मा मन्त्रिपरिषद्बाट नेपाल ट्रस्टको उक्त भवन भाडामा दिने निर्णय भएको थियो। सकेसम्म कम भाडा तिर्ने गरी महानगरलाई भवन दिन मन्त्रिपरिषद्ले ट्रस्टलाई निर्देशन दिएको थियो। तर, ट्रस्टले भाडामा कडिकडाउ गरेको महानगरले जनाएको छ। काठमाडौं प्लाजा भवन एक लाख १५ हजार स्क्वायर फिटमा फैलिएको छ। स्क्वायर फिटको हिसाबमा भाडामा लिँदा महँगो परेको महानगरले जनाएको छ।

भोजमा बोलाएर जातीय भेदभाव गर्ने गाउँपालिका अध्यक्षले मागे माफी



अध्यक्ष यादवले शुक्रबार दिउँसो गरेको पत्रकार सम्मेलन

लहानमा **मणिलाल विश्वकर्मा**

भोजमा बोलाएर जातीय भेदभाव गर्ने सिराहा भवानीपुर गाउँपालिका अध्यक्ष उग्रनारायण यादवले आत्मालोचना गर्दै सार्वजनिक रूपमा माफी मागेका छन्। उनले आफ्नी दिवंगत आमाको १३औं दिनको पुन्यतिथिमा आयोजित भोजमा दलित, गैरदलित र मुस्लिमलाई प्लेकार्ड नै टाँसेर खाना खाने स्थान छुट्याएका थिए। यसबारे बिहीबारको नयाँ पत्रिकामा समाचार प्रकाशित भएको थियो।

राष्ट्रिय दलित आयोग, राष्ट्रिय दलित नेटवर्कलगायत विभिन्न

» पृष्ठ २ मा क्रमशः

■ पत्रकार सम्मेलन गरेर अध्यक्ष उग्रनारायण यादवले भने-

जिम्मेवार राजनीतिक दलको कार्यकर्ता तथा निर्वाचित जनप्रतिनिधिको रूपमा नेपालको संविधानमा व्यवस्था गरिएको सम्मानपूर्वक बाँच्न पाउने हक, छुवाछुत तथा भेदभावविरुद्धको हकसहित दलित समुदायको सम्पूर्ण हकप्रति पूर्ण जानकार हुँदा हुँदै भोजको व्यवस्थापन गर्ने व्यक्तिहरूबाट जातीय छुवाछुत हुने गरी भएको कामले म स्तब्ध भएको छु। पूजामा आफैं बसेको हुनाले आ-आफ्नो जातीय समुदायको अगुवाइ गरेकाहरूले प्लेकार्ड कहाँ कसरी राखेका थिए भन्ने देखिनँ। देखेको भए तत्काल रोक्ने थिएँ।

उपचार नपाएर...

पृष्ठ १ बाट क्रमशः

लक्ष्मीका पति प्रकाशले कमजोर आर्थिक अवस्थाका कारण एम्बुलेन्सको व्यवस्था गर्न नसकेको बताए। 'स्वास्थ्य चौकीले गाडी खोजेर बयलपाटा अस्पताल लैजान भन्यो। मेरो आर्थिक अवस्था कमजोर भएका कारण एम्बुलेन्स खोज्न सकिएन,' उनले भने, 'सरकारले दुर्गमका सुत्केरी महिलाको उद्धारका लागि हेलिकोप्टर चार्टर गर्ने व्यवस्था मिलाएको सुनिन्छ, तर हामीजस्ता गरिब परिवारलाई कसैले नहेर्ने रहेछ।' कक्षा ८ मा पढ्दा-पढ्दै लक्ष्मीले गत वर्ष प्रकाशसँग प्रेमविवाह गरेकी थिइन्। आर्थिक रूपमा विपन्न उनको परिवारका स्थानीय हंसराज जैसीको घरमा बस्दै आएको छ। परिवारमा सासू-ससुरा, दाइ-भाउजू र बहिनी रहेको प्रकाशले बताए।

बुढीगंगा नगरपालिकाकी उपमेयर माया कुँवरले सुत्केरी महिलाको समयमै उपचार नपाएर ज्यान जानु दुःखद भएको बताइन्। जिल्लामा सुविधासम्पन्न अस्पताल नहुँदा सुत्केरीले अकालमै ज्यान गुमाउनुपरेको उनको भनाइ छ। 'अहिलेको घटनाबारे स्वास्थ्यकर्मीबाट समयमै आफूहरूलाई जानकारी आएको भए लक्ष्मीलाई हेलिकोप्टरको व्यवस्था गरेरसमेत उद्धार गरिन्थ्यो। जानकारी नै पाइएन,' उनले भनिन्। लक्ष्मीको मृत्यु भइसकेपछि मात्रै आफूलाई नगरपालिकामा जानकारी आएको उनले बताइन्।

समयमै उपचार नपाएर बाजुरामा पछिल्ला चार वर्षमा ११ सुत्केरीले अकालमै ज्यान गुमाइसकेका छन्। ०७६ मा पाँच, ०७७ मा एक, ०७८ मा दुई र ०७९ मा तीन सुत्केरीको मृत्यु भएको जिल्ला जनस्वास्थ्य कार्यालयले जनाएको छ। तर, वास्तविक तथ्यांक अझ धेरै रहेको स्थानीयको भनाई छ।

गत फागुन पहिलो साता बडीमालिका नगरपालिका-१ की २६ वर्षीया जानकी विक लुहार र पुसमा बुढीगंगा नगरपालिका- ६ की २० वर्षकी नितु जैसीको मृत्यु भएको थियो। त्यस्तै, ०७८ मा त्रिवेणी नगरपालिका किम्नीकी २० वर्षीय जौलादेवी विक र हिमाली गाउँपालिका- ४ तिथिचौरकी २१ वर्षीय गंगा चदाराको अत्यधीक रक्तस्रावका कारण मृत्यु भएको थियो। ०७७ मा बुढीनन्दा नगरपालिका- ४ की अम्बकला रोकायाले ज्यान गुमाएकी थिईन। ०७६ मा जगन्नाथ गाउँपालिका-५ की ३५ वर्षीया पुल्ती रावल, बडीमालिका नगरपालिका- ७ की वसन्ती नेपाली र बुढीनन्दा नगरपालिका- १० की ३५ वर्षीया निर्मला बोहराको मृत्यु भएको थियो। सोही बर्ष त्रिवेणी नगरपालिका-१ की ३७ वर्षकी रेजिया नेपाली, बुढीगंगा नगरपालिका- ७ की २० वर्षीया कमला उखेडले पनि ज्यान गुमाए।

बडीमालिका नगरपालिका स्वास्थ्य संयोजक टेकबहादुर खड्काले गर्भवतीले आराम गर्न नपाउने, पोषिलो खानेकुरा नपाउने, कडा परिश्रम गर्नुपर्ने बाध्यताले सुत्केरी महिलाले ज्यान गुमाउने गरेको उनले बताए। नेपालीको औसत आयु ६९.२ बर्ष भएपनि बाजुराका बासिन्दाको आयु ५९ वर्ष मात्रै छ। त्यसमा पनि १४ प्रतिशत जनसंख्या ४० वर्षभन्दा बढी नबाँच्ने सरकारकै तथ्यांक छ। गरिबीका कारण अधिकांश बाजुरेलीको आयु कम र अस्वस्थ हुने गरेको बुढीगंगा नगरपालिका स्वास्थ्य संयोजक दीपक शाह बताए।

उपराष्ट्रपतिको मनोनयन आज

महिला वा पुरुष उम्मेदवारमा विवाद

काठमाडौं/ ३ चैतमा हुने उपराष्ट्रपति निर्वाचनका लागि शनिबार उम्मेदवारी मनोनयन दर्ता हुँदै छ। निर्वाचन अधिकृतको कार्यालयले बिहान ९ देखि दिउँसो २ बजेसम्म मनोनयन दर्ताको समय तोकेको छ।

उपराष्ट्रपतिमा मनोनयनका लागि केही दलले उम्मेदवारको टुंगो लगाएका छन्। आठदलीय गठबन्धनमध्येको एक दल जनता समाजवादी पार्टीले संसदीय दलका नेता एवं बारा २ बाट निर्वाचित रामसहायप्रसाद यादवलाई उम्मेदवार बनाउने निर्णय गरेको छ। गठबन्धनकै घटक जनमतले सप्तरी इन्चार्ज ममता झालाई बनाउने निर्णय गरेको छ।

नागरिक उन्मुक्ति पार्टीले अध्यक्ष रञ्जिता श्रेष्ठलाई उपराष्ट्रपतिमा अघि सार्ने निर्णय गरे पनि उनको योग्यता नपुग्ने देखिएको छ। राष्ट्रपति तथा उपराष्ट्रपति हुन ४५ वर्ष उमेर पुगेको हुनुपर्छ। रञ्जिताको उमेर ४० वर्ष मात्रै पुगेको संसद् सचिवालयको तथ्यांकले देखाएको छ।

प्रतिपक्षी एमालेले महिला उम्मेदवार नै अघि सार्ने भएको छ। शनिबार बिहान सचिवालय बैठक बसेर उम्मेदवारको नाम तय गरिने उपमहासचिव पृथ्वीसुब्बा गुरुङले बताए।

दलहरू उपराष्ट्रपतिको उम्मेदवार तय गर्न जुटेका वेला निर्वाचन आयोगले खस-आर्य समुदायबाहेकको महिला हुनुपर्ने मापदण्ड तय गरेपछि राजनीतिक वृत्तमा तरंग आएको छ। तर, उम्मेदवारी दर्तासम्म आयोगले के गर्छ भन्ने निश्चित छैन।

प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले राष्ट्रपतिमा पुरुष (रामचन्द्र पौडेल) खस-आर्य निर्वाचित भएकाले उपराष्ट्रपतिमा खस-आर्यबाहेकको (दलित, जनजाति, मधेसी, थारू वा मुस्लिम) समुदायबाट महिला उम्मेदवार हुनुपर्ने संविधान र कानुनको भावना भएकाले मापदण्ड तोकिएको बताए। 'यही स्पिरिटमा उम्मेदवारी दर्ता गर्न निर्वाचन अधिकृतलाई निर्देशन दिइसकिएको छ,' उनले भने।

निर्वाचन अधिकृत महेश शर्मा पौडेलले भने संविधान, कानुन र आयोगको निर्देशनबमोजिम मनोनयन दर्ता गरिने बताए। 'संविधान, कानुन र आयोगको निर्देशनबमोजिम अघि बढ्छौं। पुरुष, महिला भन्नेमा अहिले नजाऔं। दर्ता गर्ने वेला यी कुरा हेर्छौं,' उनले भने।

संविधानको धारा ७० मा राष्ट्रपति र उपराष्ट्रपति फरक लिंग वा समुदायको हुने उल्लेख छ। 'राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक-फरक लिंग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नुपर्नेछ,' संविधानले भनेको छ।

संविधान निर्माणपछि निर्वाचित राष्ट्रपति र उपराष्ट्रपति फरक लिंगका थिए। अभ्यासमै पनि फरक लिंग प्रयोगमा आइसकेकाले यसपालि निरन्तरता दिन आयोगले उपराष्ट्रपतिमा महिला उम्मेदवार हुनुपर्ने निर्णय गरेको थपलियाको तर्क छ।

आयोगको यो निर्णयको पक्ष-विपक्षमा जनमत विभाजित भइरहेका वेला पुरुष उम्मेदवार उठाएको जसपाले विरोध गरेको छ। संविधान र कानुनमा फरक लिंग वा समुदाय भनेकाले राष्ट्रपतिभन्दा फरक समुदायका रामसहाय यादवले उम्मेदवारी दिने अध्यक्ष उपेन्द्र यादवले बताए। 'फरक लिंग वा समुदाय भनेकै रामचन्द्र पौडेल र रामसहाय यादव हो। उहाँहरू फरक समुदायका हुनुहुन्छ,' उनले भने।

जसपा सांसद प्रदीप यादवले संविधानभन्दा माथि आयोग नभएकाले महिला नै हुनुपर्छ भन्ने मापदण्ड स्वीकार्य नहुने बताए। 'संविधानले फरक लिंग वा समुदाय भनेर स्पष्ट गरेको छ। संविधानभन्दा माथि आयोग छैन। संविधान मिचेर निर्णय गर्नुहुन्छ भने अदालतबाहेक अरू विकल्प छैन,' उनले भने। जसपाबाट प्रस्तावित उम्मेदवार रामसहाय यादवले पनि संविधानले पुरुष पनि उम्मेदवार बन्ने ठाउँ दिएको जिकिर गरे। 'सभामुख/उपसभामुखजस्तो अनिवार्य गरेको छैन। वा भनेको महिला बनाए पनि हुन्छ। फरक समुदायको पुरुष पनि बन्न सक्छ,' उनले भने।

कांग्रेस उपसभापति पूर्णबहादुर खड्काले संविधानले उपराष्ट्रपतिमा फरक लिंग वा समुदायको हुनुपर्छ भनेर प्रस्ट भनेको बताए। एउटा समुदायको पुरुष राष्ट्रपति र अर्को समुदायको पुरुष उपराष्ट्रपति हुन संविधानले व्यवस्था गरेको उनको दाबी छ। 'तर, फरक समुदायको राष्ट्रपति र उपराष्ट्रपति हुनुपर्छ भनेर संविधानले जे व्यवस्था गरेको छ। त्यो व्यवस्थाको विपरीत निर्वाचन आयोगले निर्णय गरेको छ। निर्णय संविधानको व्यवस्थाअनुकूल छैन,' उनले भने।

माओवादीले भने उपराष्ट्रपति महिला नै हुनुपर्ने निष्कर्ष निकालेको छ। 'संविधानतः राष्ट्रपति र उपराष्ट्रपतिको बीचमा लैंगिक रूपले फरक र सामुदायिक फरक भन्ने छ। एउटा पुरुष भए अर्को महिला हुनुपर्छ भन्ने मान्यता बसिसकेको छ। नेपालको अहिलेको अवस्था स्थिति सबैतिरबाट हेर्दा फरक समुदायको महिला नै भए वेश हुन्थ्यो,' माओवादी महासचिव देव गुरुङले भने, 'हामीले परामर्श दिनुपर्दा लैंगिक रूपले फरक हुनुपर्छ। महिला दिँदा राम्रो हुन्छ।' फरक समुदायको महिलालाई उपराष्ट्रपतिको उम्मेदवार बनाउन गठबन्धनबाटै पहल हुने उनको भनाइ छ।

उपमहासचिव शक्ति बस्नेतले पनि महिला नै हुनुपर्ने बताए। 'उपराष्ट्रपतिमा महिला नै हुनुपर्छ भन्ने खालको आयोगको वक्तव्य संविधान र कानुनअनुसार नै भएको देखिन्छ। त्यहाँ महिला वा अन्य समुदायको भनिएको छ। अहिले निर्वाचित हुनुभएको राष्ट्रपति खस-आर्यको तर्फबाट र लिंगको हिसाबमा पुरुष हुनुहुन्छ। त्यसबाहेक महिला वा फरक समुदायको भनिएको छ। यो ठीक छ,' उनले भने।

नवनिर्वाचित...

पृष्ठ १ बाट क्रमशः

थिए। विगतका शासकको शैलीमा राष्ट्रपतिको सवारी हुने गरेको भन्दै आलोचना भइरहेको छ। गत २७ माघमा राष्ट्रपति विद्यादेवी भण्डारी संसद्को संयुक्त अधिवेशनलाई सम्बोधन गर्ने जाने वेला सडक खाली गराइएको थियो। त्यसवेला चिकित्सकसमेत कुटिएपछि भण्डारीको आलोचना भएको थियो।

सेनाका प्रवक्ता कृष्णप्रसाद भण्डारी राष्ट्रपतिको सवारीको विषयमा पटक-पटक गुनासो आउने गरेको बताउँछन्। उनका अनुसार अति विशिष्ट व्यक्तिको सवारी व्यवस्थापन गृह मन्त्रालयको कार्यविधिअनुसार सबै सुरक्षा निकायको समन्वयमा हुने गर्छ।'

गृह मन्त्रालयले बनाएको कार्यविधि पालना गरेर सेनाले कार्यसम्पादन गर्छ। कार्यविधिको व्यवस्थाअनुसार राष्ट्रपतिको सुरक्षामा सेनाको सहभागिता रहन्छ। सबै निकायसँग समन्वय हुन्छ। तर, सवारीलगायत व्यवस्थापनको काम गृहको कार्यविधिअनुसार गृहबाट हुने गर्छ। सेनाको मात्र हातमा व्यवस्थापनको जिम्मेवारी हुँदैन,' प्रवक्ता भण्डारीले नयाँ पत्रिकासँग भने।

पूर्वीडिआइजी हेमन्त मल्ल राष्ट्रपतिको सवारीले सर्वसाधारणलाई पर्ने समस्या समाधानमा जिम्मेवार निकायबीच समन्वय अभाव रहेको बताउँछन्। पटक-पटक आउने गुनासा समाधान हुन नसक्दा सर्वसाधारणमा वितृष्णा पैदा भएको उनको भनाइ छ। यसको जिम्मेवारी भिआइपीलाई दिन नमिल्ने उनले बताए।

'राष्ट्रपतिको सवारी व्यवस्थापनमा राष्ट्रपति कार्यालय र सुरक्षा निकाय जिम्मेवार हुन्छन्। यसमा दुई निकायबीच समन्वय अभाव देखिन्छ। यसलाई तत्कालै सुनुवाइ गरेर व्यवस्थापन गर्नुपर्छ। पटक-पटक गुनासो आउँदा पनि समस्या समाधान नहुने हो भने माथिल्लो निकायप्रति वितृष्णा आउँछ,' मल्ल भन्छन्।

निराशालाई आशामा परिणत गर्नु आवश्यक छ : राष्ट्रपति पौडेल

नवनिर्वाचित राष्ट्रपति रामचन्द्र पौडेलले जनताको निराशालाई आशामा परिणत गर्न आफ्नो भूमिका रहने बताएका छन्। बिपी संग्रहालय सुन्दरीजलमा सञ्चारकर्मीसँग प्रतिक्रिया दिँदै राष्ट्रपति पौडेलले देशलाई नयाँ दिशा दिनु आफ्नो कर्तव्य भएको बताएका हुन्।

परिवर्तन र व्यवस्थालाई जोगाउँदै देशलाई प्रगतिपथमा लैजान आवश्यक रहेको उनको भनाइ थियो। 'अहिले जनतामा निराशाजस्तो देखिएको छ। जनताको निराशा हटाउँदै आशा र उत्साहको सञ्चार गराएर देशमा उन्नतिको बाटो समात्नुपर्छ। देशले सुशासन खोजेको छ। नेपालमा संविधानको दायित्व र जनताले पाएको अधिकारको रक्षा र यसमा कसैले खेलबाड गर्न दिनुहुँदैन,' उनले भने। समावेशी लोकतान्त्रिक व्यवस्थालाई चिरस्थायी बनाउँदै समसामयिक सुधार गर्नुपर्नेमा राष्ट्रपति पौडेलको जोड थियो।

■ प्रहरीमा बढुवा खुल्यो

पाँच डिआइजी एआइजी बढुवामा सिफारिस

काठमाडौं/ नेपाल प्रहरीको उच्च तहमा बढुवाको जाम खुलेको छ। शुक्रबार पाँच नायब महानिरीक्षक (डिआइजी)को अतिरिक्त महानिरीक्षक (एआइजी)मा बढुवा सिफारिस भएको छ।

गृहसचिव विनोदप्रकाश सिंह नेतृत्वको बढुवा समितिले डिआइजीहरू वसन्तबहादुर कुँवर, टेकप्रसाद राई, दीपक थापा, श्यामलाल ज्ञवाली र किरण बज्राचार्यलाई बढुवाको सिफारिस गरेको हो। वरिष्ठताको वरीयताअनुसार नै उनीहरूको बढुवा भएको छ। प्रहरी महानिरीक्षक धीरजप्रताप सिंहकै प्रस्तावअनुसार डिआइजी बढुवा भएको स्रोत बताउँछ।

एआइजीको पद गत साउनदेखि नै रिक्त भए पनि राजनीतिक चलखेलका कारण बढुवा प्रक्रिया सुरु हुन सकेको थिएन। यही टोलीबाट दुई सातापछि प्रहरी महानिरीक्षक चयन हुने भएकाले पनि बढुवामा तीव्र प्रतिस्पर्धा थियो। वरीयताक्रमअनुसार नै बढुवा हुँदा पहिलो नम्बरमा रहेका कुँवर लाभान्वित भएका छन्।

प्रहरी महानिरीक्षक नियुक्तिको अधिकार सरकारलाई भएकाले एआइजीमध्येबाट जो पनि बढुवा गर्न सक्ने अवस्था भने छ। उनीहरू गत असारमा मात्र एसएसपीबाट डिआइजीमा बढुवा भएका थिए। प्रहरीमा वृत्ति विकास योजना नहुँदा डिआइजीमा एक वर्ष पनि काम गरेको अनुभव नभई आइजिपी बन्ने अवस्था आएको छ।

आगामी १० चैतदेखि हालका प्रहरी महानिरीक्षक सिंह र एआइजीहरूले ३० वर्षे सेवाहदका कारण एकैपटक अवकाश पाउने भएकाले अहिले एआइजी सिफारिस भएकामध्येबाट आइजिपी चयन हुन लागेको हो। यद्यपि, सेवाहदका कारण प्रहरी संगठनमा वृत्ति विकासलगायत समस्या देखिएको भन्दै गृह मन्त्रालयले सेवाहद हटाउनेबारे समेत छलफल गरिरहेको छ। कुनै पनि ब्याचका अधिकृतको करिअरलाई असर नगर्ने गरी सेवाहद हटाउनुपर्ने माग संगठनभित्र छ।

भोजमा बोलाएर...

पृष्ठ १ बाट क्रमशः

जातीय संघसंस्था तथा राजनीतिक दलका नेताहरूले जातीय भेदभाव गर्ने अध्यक्ष यादवको विरोध गर्दै कारबाहीको माग गरेका थिए। चौतर्फी विरोध, आलोचना र कारबाहीको मागपछि उनले शुक्रबार पत्रकार सम्मेलन गर्दै माफी मागेका हुन्।

भोज व्यवस्थापनका क्रममा अन्जानमा कुनै वर्ग, धर्म, सम्प्रदाय र जातलाई आत्मसम्मानमा चोट पुग्ने किसिमको वा जातीय विभेदलाई संकेत गर्ने कार्य भएको स्विकार्दै अध्यक्ष यादवले आत्मालोचना गरे। 'जिम्मेवार राजनीतिक दलको कार्यकर्ता तथा निर्वाचित जनप्रतिनिधिका रूपमा नेपालको संविधानमा व्यवस्था गरिएको सम्मानपूर्वक बाँच्न पाउने हक, छुवाछुत तथा भेदभावविरुद्धको हकसहित दलित समुदायको सम्पूर्ण हकप्रति पूर्ण जानकार हुँदाहुँदै भोजको व्यवस्थापन गर्ने व्यक्तिबाट जातीय छुवाछुत हुने गरी भएको कामले स्तब्ध भएको छु,' उनले भनेका छन्।

जिम्मेवार राजनीतिक दलको कार्यकर्ता तथा निर्वाचित जनप्रतिनिधिका रूपमा नेपालको संविधानमा व्यवस्था गरिएको सम्मानपूर्वक बाँच्न पाउने हक, छुवाछुत तथा भेदभावविरुद्धको हकसहित दलित समुदायको सम्पूर्ण हकप्रति आफू पूर्ण जानकार हुँदाहुँदै भोज व्यवस्थापन गर्ने व्यक्तिबाट जातीय छुवाछुत हुने गरी भएको कामले आफू स्तब्ध भएको यादवले बताए। 'घरको कान्छो छोरा भएकाले पूजामा आफैं बसेको थिएँ, दिउँसो ३ बजेतिर पूजा सकिँदासम्म घरदेखि पश्चिम, दक्षिण र पूर्वपट्टि करिब पाँच बिघा क्षेत्रफलको खाली खेतमा बसेर सयौंले सामान्य रूपले खाइरहेका थिए,' उनले भने, 'आ-आफ्नो जातीय समुदायको अगुवाइ गरेका मान्यजनले प्लेकार्ड कहाँ कसरी राखेका थिए भन्ने देखिनँ। दे खेको भए तत्काल रोक्ने थिएँ।'

गाउँपालिका अध्यक्षसँगै राजनीतिक दलको जिम्मेवार कार्यकर्ताको हैसियतमा संविधान, प्रचलित ऐन-कानुन, मानव अधिकार एवं जातीय विभेदविरुद्धका अन्तर्राष्ट्रिय महासन्धि, मूल्य-मान्यताप्रति आफू पूर्ण प्रतिबद्ध रहेको उनले जिकिर गरे।

कारबाही माग्दै ज्ञापन

नयाँ पत्रिकामा बुधबार 'गाउँपालिका अध्यक्षले नै गरे जातीय छुवाछुत' भन्ने समाचार प्रकाशित भएपछि दलित आयोग, दलित अधिकारका लागि क्रियाशील संघसंस्थाले अध्यक्ष यादवलाई कानुनी कारबाहीको माग गरिरहेका छन्।

संयुक्त दलित मोर्चा सिराहाले शुक्रबार सिराहाका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाउँदै भोजमा सरिक भएका सार्वजनिक पद धारण गरेका व्यक्तिले सार्वजनिक रूपमा माफी माग्नुपर्ने र प्लेकार्ड नै राखेर गैरदलित, दलित र मुस्लिमलाई अलग राखी जातीय विभेद गर्ने अध्यक्षलाई कानुनबमोजिम कारबाही हुनुपर्ने माग गरेको छ। मोर्चाले दलितमाथि भएको जघन्य अपराधमा संलग्न व्यक्तिलाई कानुनी दायरामा ल्याई कारबाही नगरिए सशक्त आन्दोलन गरिने चेतावनी दिएको छ।

त्यस्तै, नेपाल मानव अधिकार संगठनका केन्द्रीय सदस्य राजकुमार राउत कुर्मी, सिराहा शाखा अध्यक्ष विमल ठाकुरसहितको टोलीले शुक्रबार बिहान भोज गरिएको ठाउँको स्थलगत अनुगमन तथा गाउँपालिका अध्यक्ष र भोजमा सामेल भएका केही दलितसँग भेटघाटसहित कुराकानी गरी तथ्य संकलन गरेको जनाएको छ। संगठनका केन्द्रीय सदस्य कुर्मीले स्थलगत तथ्य संकलनबाट फर्किएपछि सम्बन्धित निकायले छानबिन गरी ठहर भएबमोजिम कानुनी कारबाही गर्न माग गरेका छन्।

कानुन बनाउने संघ, प्रदेशका मन्त्री, सांसददेखि कार्यान्वयन गर्ने जिम्मेवारीमा रहेका व्यक्ति, स्थानीय तहका जनप्रतिनिधिलगायत व्यक्ति पनि जातीय छुवाछुत हुने गरी व्यवस्थापन गरिएको भोजमा सामेल भएको पाइएपछि दलित अधिकारकर्मीले विरोध गर्दै आएका छन्। बिहीबार राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्माले विज्ञप्ति जारी गरी कारबाहीको माग गरेका थिए। पालिका अध्यक्षजस्तो सार्वजनिक जिम्मेवारीमा रहेको व्यक्तिले मानव अधिकारको अन्तर्राष्ट्रिय मूल्य-मान्यता, नेपालको संविधान र प्रचलित ऐन-कानुनको उल्लंघन हुने गरी शोषण-उत्पीडनमा पारिएका समुदायलाई घोषित रूपमा छुट्याउने गरी ब्यानरसमेत राखेर दलित समुदायलाई छुट्टै भोज खुवाउने कार्य गर्नु निन्दनीय रहेको विज्ञप्तिमा उल्लेख थियो।

दुई वर्षपछि...

पृष्ठ १ बाट क्रमशः

लाख रुपैयाँ भाडा तिर्दै आएको छ। केही सेवा भने बागदरबारको पुरानै भवनबाट प्रवाह भइरहेको छ। दुई वर्षभित्रै आफ्नै नयाँ भवन बनिसक्ने भए पनि काठमाडौं प्लाजासँग महानगरले १० वर्षका लागि सम्झौता गरेको छ। यसरी ठूलो रकम तिरेर धेरै समयसम्म भाडाको भवनमा सर्दा आर्थिक व्ययभार पर्ने महानगरकै कर्मचारीहरू बताउँछन्। कर्मचारी हरूको सल्लाहअनुसार मेयर बालेन्द्र साहले नेपाल ट्रस्टसँग दुई वर्षका लागि मात्रै सम्झौता गर्न खोजेका पनि थिए। तर, ट्रस्ट दुई वर्षका लागि मात्रै सम्झौता गर्न नमानेको महानगर को भनाइ छ।

महानगरका सहायक प्रवक्ता दीपक अधिकारी भने महानगरको सबै विभाग, शाखा र महाशाखा एकै स्थानमा हुँदा सेवाग्राहीले राहत महसुस गर्ने बताउँछन्। मह नगरले अहिले १० स्थानबाट सेवा प्रवाह गर्दै आएको छ। सो सेवालाई एकीकृत रूपमा प्रवाह गर्न काठमाडौं प्लाजा सर्न लागिएको हो। सहप्रवक्ता अधि कारीले भने, 'एकै भवनबाट सबै सुविधा प्रवाह गर्न सहज हुने भएकाले सर्न लागिएको हो।'

सम्झौताअनुसार काठमाडौं प्लाजाको पूरै भवन महानगरले प्रयोग गर्न पाउनेछ। यस भवनमा ७० वटा चारपाङ्ग्रे र सयवटा मोटरसाइकल पार्किङ गर्न मिल्छ। भवनसँगैको दुई रोपनी खाली जग्गा पनि महानगरले प्रयोग गर्न पाउँछ। नेपाल ट्रस्टसँग १० वर्षका लागि भवन भाडामा लिने निर्णय भइसके पनि अन्तिम सम्झौता भने फागुनमै हुनेछ। मह नगरले कार्यालयका लागि अवश्यक फर्निचरलगायत सामान खरिद गर्ने योजना तय गरिसकेको छ। यसका लागि दुई करोड खर्च हुने महानगरको अनुमान छ।

०७२ को भूकम्पले महानगरको कार्यालय रहेको बागदरबार भवनमा क्षति पुऱ्याएपछि जेडिए कम्प्लेक्समा सारिएको थियो। उक्त भवनको छेउँ र सातौं तलामा महानगरपालिकाका कार्यालय छन्। यसबाहेक अन्य नौ स्थानबाट महानगरले सेवा प्रवाह गर्दै आइरहेको छ। महानगरमा विभिन्न १६ वटा विभाग छन्। १६ विभाग १० ठाउँमा छरिएकाले नागरिकलाई सास्ती भएकाले एकीकृत गर्ने तयारी गरेको महानगरका सूचना अधिकारी वसन्त आचार्यले बताए।

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौं र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



E-mail: narcononnepal@gmail.com, Website : www.narcononnepal.com.np

श्री राम चरित्र माध्यमिक विद्यालय
जयनगर चिउँटाहा, बारा

प्रशिक्षक आवश्यकता

दोस्रो पटक प्रकाशित मिति २०७९/११/१६

यस विद्यालयमा प्राविधिक धार तर्फ सिभिल इन्जिनियरिङ्ग (Civil Engineering) संचालनको लागि मेहनती योग्य, इमान्दार र अनुभवी प्रशिक्षक आवश्यकता भएकोले खुला प्रतिस्पर्धाबाट करार सेवामा पदपूर्ति गर्नु पर्ने भएको हुँदा योग्यता पुगेको इच्छुक नेपाली नागरिकहरुबाट तपसिल बमोजिमका पदको लागि दर्खास्त आव्हान गरिएको छ।

तपसिल

विज्ञापन नं.	पद	विषय	तह/श्रेणी	संख्या	योग्यता	तलव
१/२०७९/०८०	प्रशिक्षक	Civil Engineering	मा.शि.तृ.	१	सम्बन्धित विषयमा स्नातक वा सो सरह उतीर्ण गरेको	नेपाल सरकारले तोके बमोजिम
२/२०७९/०८०	प्रशिक्षक	Civil Engineering	नि.मा.शि.तृ.	१	सम्बन्धित विषयमा Diploma वा सो सरह उतीर्ण गरेको	नेपाल सरकारले तोके बमोजिम

१. परीक्षाको किसिमः लिखित, मौखिक र आवश्यकता देखिएमा प्रयोगात्मक,
२. दरखास्त दिने उम्मेदवार ICT मा दक्ष र ४० वर्ष ननाघेको हुनु पर्ने,
३. परीक्षा दस्तुरः मा.शि.तृ. रु २०००।-, नि.मा.शि.तृ. रु १५००।-
४. दरखास्त फारम विद्यालयबाट प्राप्त गर्न सकिने छ,
५. दरखास्त दस्तुरः यस विद्यालयको च.हि नं. ००२१५६६४३२७ सिद्धार्थ बैक आदर्श कोतवाल शाखामा जम्मा गर्नु पर्ने वा विद्यालयमा नगद जम्मा गर्नु पर्ने
६. दरखास्त फारमसँग संलग्न गर्नु पर्ने कागजातहरुः
क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
ख. SLC/SEE देखि माथि सबै प्रमाणपत्रहरूको प्रतिलिपि,
ग. दस्तुर जम्मा गरेको सक्कल बैंक भौचर वा विद्यालयमा तिरेको नगदी रसिद,
७. दरखास्त बुझाउने अन्तिम मितिः २०७९/०६/३१ गते सम्म कार्यालय समय भित्र,
८. सम्पर्क मितिः २०७९/०७/०१ गते,
९. परीक्षा मितिः सम्पर्क मितिको दिन तोकिने,
१०. अनुभवी र निर्धारित योग्यता भन्दा बढी भएको उम्मेदवारलाई प्राथमिकता दिइने,
११. म्याद नाघी आएको दरखास्त फारामं मान्य हुने छैन।
१२. सम्पर्क Email: shreeramcharitraschool@gmail.com
फोन नं. ९८४५५२१३९८, ९८४५६४३४०३, ९८४९०४८८६५

प्रधानाध्यापक
श्री राम चरित्र मा.वि. जयनगर चिउँटाहा, बारा

माइग्रेसन सर्टिफिकेट हरायो

मिति २०७९/११/२३ गते ललितपुर म.न.पा. कृष्ण मन्दिर इमाडोलदेखि बालकुमारीसम्म जाँदा मेरो निम्न व्यहोराको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

नाम : सुभाष कुमार यादव
ठेगानाः ग्वार्को इमाडोल कृष्ण मन्दिर
रजिष्ट्रेशन नं. : ७७७६३३७८८
सिम्बोल नं. : २७६०८८०३
सम्पर्क नं : ९८१५६४४२७२

Government of Nepal
Kathmandu Valley Road Improvement Project
New Baneshwor, Kathmandu

Notice of Intention to Award the Contract

Date of publication: 2079/11/27

This notice has been published to inform all concerned contractors about the Intention to Award the Contracts under the tender notice no. **01-2079/80** published in the **"Himalaya Times"** National Daily (dated BS **2079/10/03**), in accordance with Public Procurement Act, 2063 clause 27(2) and Clause 47.

Contract no.	Name/Address of the Successful bidder	Substantially responsive lowest Bid Amount (including VAT & PS)
KVRIP/337011204/2079/80-001	BK Nirman Sewa	66,68,327.95
KVRIP/337011204/2079/80-002	Om Laxmi Nirman Sewa and Suppliers Pvt. Ltd.	51,56,951.83
KVRIP/337011204/2079/80-003	Samikshya Multipurpose Pvt. Ltd.	49,55,374.07
KVRIP/337011204/2079/80-004	Manjil Nirman and Suppliers Pvt. Ltd.	90,51,618.55

Project Manager

ULLENS
SCHOOL

UNVEILING ULLENS KATHMANDU



Ullens School
Lalitpur
Since 2006

Ullens School
Kathmandu
2023

Ullens School is a unique, co-educational, non-profit institution established by the Ullens Education Foundation (UEF) in 2006. Inspired by Bank Street College of Education's innovative and progressive Philosophy of Education, Ullens School offers a comprehensive and balanced curriculum for Grades One to Twelve, remaining within the national curriculum framework, and runs a highly reputed International Baccalaureate Diploma Programme (IBDP) as the first IB World School in Nepal.Following the philosophy of progressive education, the school houses a diverse student body; educating children from different backgrounds and economic strata.

After the successful completion of seventeen years of delivery of world-class education at Khumaltar, Lalitpur, we are extending our services at our second unit in Bansbari, Kathmandu with the purpose of providing opportunities for more children to receive the Ullens education.

12 MARCH
SUNDAY
11:00 AM ONWARDS

OPEN HOUSE
ULLENS SCHOOL
KATHMANDU

OUR MANAGEMENT LEADERS



Dr. Arzu Rana Deuba
Chairperson,
School Management
Committee



Mr. Som Paneru
President,
Ullens Education
Foundation



Mr. Medin Lamichhane
Chief Academic Officer,
UEF & Principal,
Ullens School Lalitpur



Ms. Bunu Karki Thapa
Principal,
Ullens School
Kathmandu











ULLENS
EDUCATION FOUNDATION

WORLD SCHOOL ib

Inspired by
Bankstreet
College of Education

Ullens School- Lalitpur
Khumaltar, Lalitpur 15
PO Box 8975 EPC 1477
Lalitpur, Nepal
Tel: +977-01-5230875
+977-01-5570724
E-mail: info@ullens.edu.np

Ullens School- Kathmandu
Bansbari, Kathmandu 3
GPO Box 7242
Kathmandu, Nepal
Tel: +977-01-5913902
+977-01-5913903
E-mail: info2@ullens.edu.np

www.ullens.edu.np
theullensschool
theullensschool

छलिया नाच एक कालजयी कला



> छलिया नृत्यको ऐतिहासिक पृष्ठभूमि छ । राजाहरूको समयमा युद्धकौशल प्रदर्शन गर्न यो नृत्य देखाइन्थ्यो भने सैनिक मनोबललाई उच्च राख्न पनि तरबारसहितको नृत्यले महत्त्वपूर्ण स्थान लिने गर्दथ्यो ।



शरदचन्द्र ओझा
ojha.idealpharma@gmail.com
सुदूरपश्चिमबाट

छलिया नृत्य (कतैकतै छोलिया और हुड्केली पनि भन्छन्) सुदूरपश्चिम प्रदेश र छिमेकी मुलुक इन्डियाको उत्तराखण्ड राज्यको कुमाउ क्षेत्रको एक प्रचलित लोकनृत्य हो । यो वास्तवमा एउटा तलबारको नृत्य हो, र वर्तमानमा विवाहमा यसलाई प्रयोगमा ल्याइन्छ । नेपालको बैतडी, डडेल्धुरा, दार्चुला, डोटी क्षेत्र एवं उत्तराखण्डको चम्पावत, कुमाउ मण्डल पिथौरागढ, बागेश्वर, अल्मोडा जिल्लामा यो प्रख्यात छ । त्यहाँको संस्कृतिको एक अभिन्न अंग नै बनिसकेको छ ।

उहिले क्षेत्रीय राजाहरूको समयमा दुलाहादुलाहीसहितको बारात हिँड्दा, प्रतिद्वन्द्वीहरूले दुलही अथवा दुलाहालाई अपहरण गर्न सक्ने सम्भावना हुने भएकाले, जन्तीका अघि युद्धकौशलमा निपुण सैनिकहरूलाई तरबार नचाउँदै, गीत गाउँदै लिएर हिँड्ने गरिन्थ्यो । कालान्तरमा यही नै एक महत्त्वपूर्ण रीतिरिवाजको रूपमा विकास हुनपुगेको देखिन्छ । कतैकतै, छलले युद्ध भूमिमा शत्रुलाई कसरी पराजित गर्ने भनेर देखाइने नृत्य भएको हुनाले यसलाई छलिया नृत्य पनि भनिएको हो ।

उहिलेको समयमा डोटी क्षेत्रका रैका राजाहरूले काली कुमाउ (अहिले उतराखण्डमा पर्दछ)सम्म राज्य गर्दथे । कालान्तरमा यो चन्द राज्यमा गाभिन गएको इतिहासमा देखिन्छ । त्यसै सन्दर्भमा यो छलिया नृत्य नेपाल हुँदै इन्डियातर्फ फैलिन गएको हो अथवा दुवै स्थानमा साथसाथै चल्दथ्यो भन्न कठिन रहे पनि इतिहासकार राजेन्द्रसिंह रावलको कथनअनुसार रैका सम्राट भूपति शाहीको राजकुमारीको विवाह कालीकुमौका राजा कल्यान चन्दसँग हुँदा छलिया नृत्य दुलहीसँगै यताबाट उता गएको र पछि त्यता पनि अत्यन्तै प्रचलनमा आएको हो । यो एक शक्तिको नृत्य हो, यसमा नृत्य गर्ने नर्तकहरू अत्यन्तै साहसी हुनुपर्दछ, यो नृत्य हेर्दा दर्शकहरूलाई पनि जोस आउने गर्दछ, धेरै त तालमा ताल मिलाएर नाच्छन् पनि । यसमा दमौ अर्थात् ढोल बजाउने कलाकारले उक्त ढोललाई शिरसम्म पुऱ्याएर यसरी बजाउँदछन्, जसले युद्ध सन्देशको रूपमा त्यतिबेला साथका अन्य सैनिकहरूलाई प्रतिद्वन्द्वीतर्फ झम्टिन प्रेरित गर्दथ्यो । परम्परागत राम ढोल, टुरी, बिगुल, नरसिँह, टम्भोरे, मृदंग, मिजुरा, मसक बज, अनि हुड्को र दमौको तालमा गायकहरूले गाना गाउँदै जब नृत्य गर्दथे, आफ्नातर्फका सैनिकहरूलाई उत्तेजित हुन काण्ड पुगदथ्यो, विपक्षीतर्फ झम्टिहाल्थे । यही युद्धकौशल कालान्तरमा छलियाको रूप लिँदै आजपर्यन्त र भविष्यका निमित्त पनि एक कालजयी कलाको रूपमा विश्वमा विद्यमान छ ।

पहिलेको राज्यव्यवस्थामा दिनको समयमा युद्ध हुने र रात्रिको समयलाई रणनीति निर्माणको समयको रूपमा लिइने हुँदा, त्यस समयमा विभिन्न गानाका रूपमा जसलाई भडा भनिन्थ्यो, सुनाउँदै हुड्को नामक सानो ढोलका जस्तो बाजा बजाएर वीरगाथा, युद्धकथा, जितको व्याख्या गरिन्थ्यो । अझै पनि सुदूरपश्चिम क्षेत्रमा भडा गायकहरूले उहिलेका युद्ध तथा वीरगाथा सुनाउँदा एक किसिमको आनन्द आउने गर्दछ, र यो एक जीवित इतिहास पनि हो ।

'बाउली समाई छ, जूज की धनिबालि जोली घुगुता दियो मारी, ढोग धोइयो, राजा सेवाइदियो लाई ।'

यो भडाको एक टुक्का हो । राजा त्रिमल चन्दले आफ्नोतर्फबाट लडाइँका लागि लडाकु(पैकेला) कार्की सक्रामलाई युद्धमा पठाउँदाको क्षण यो टुक्का सुनाइएको थियो । यसैगरी, धेरै पैकेलाहरूको वीरगाथामा आधारित विषय समेटेर हुड्को बजाउँदै भडा गाउने गरिन्छ । भडा सुदूरपश्चिमको मौलिक लोकसंस्कृतिमध्येको महत्त्वपूर्ण विधा हो । हरेक विवाह, व्रतबन्ध, न्वारानलगायत कुनै पनि शुभकार्य गर्दा अनिवार्य भडा गाउने गरिन्थ्यो । तर, पछिल्लो समय हुड्क्यौली परम्परा लोप हुँदै गएको छ ।

बैतडी जिल्लाको दशरथचन्द नगरपालिका-५, बस्कोटमा जन्मेका झुसे दमाईं काली-कर्णाली र कुमाउ-गढवालको ऐतिहासिक वीरगाथा(भडा)का अत्यन्तै पारंगत जानकार थिए । विसं १९६६ सालमा जन्मेर पिथौरागढ दुङातोली गाउँमा बसोवास गर्ने झुसे दमाईं आफ्नो इष्टदेवी रणशैनीका हरेक पर्वमा बैतडी आइरहन्थे । यो उनको आफ्नो कुलदेवताप्रतिको निष्ठा थियो । झुसे दमाईंको सबैभन्दा आकर्षक र विलक्षण प्रतिभा भनेको उनको ऋतुगायन(चैत महिनामा घरघरमा गएर सजुदेउ वालाको भडा) र वीरगाथा नै मानिन्छ । भारतको कुमाउ र नेपालको काली-कर्णालीतिर ऐतिहासिक वीर-वीरांगनाका जीवनचरित्रमा आधारित गीतिकथालाई भडा भन्ने गरिन्छ । झुसे दमाईं यसमा पारंगत मानिन्थे । उनको शेषपछिका झन्डै दुई दशकसम्म पनि उनलाई पछ् याउन सक्ने वा उनको बराबरी गर्न सक्ने अर्को कुनै भडा गायक कुमाउ र काली-कर्णाली क्षेत्रमा देखिएका छैनन् । उनी साँच्चै अर्थमा एक इतिहास थिए, जसलाई नेपालमा भन्दा इन्डियामा धेरै सम्मान गरिएको देखिन्छ । उनले इन्डियामा प्रशस्त पुरस्कार पाएको पनि देखिन्छ । उनको गायकी भारतको सरकारी राष्ट्रिय टेलिभिजन च्यानल दूरदर्शन, अलइन्डिया रेडियोलगायतका थुप्रै सञ्चारमाध्यममा धेरै चर्चा भयो । सरकारी तवरबाट थुप्रै प्रतियोगिता र प्रस्तुतिमा उनले पटकपटक सम्मानित हुने अवसर पनि पाइरहे । भारतको उत्तराखण्ड कुमाउका प्रसिद्ध लोककवि गिरिश तिवारी 'गिर्दा'ले त झुसे दमाईंका बारेमा चार सय पृष्ठको पुस्तक नै तयार पारेका छन् ।

समाजमा इतिहास, कला र संस्कृतिलाई लिपिबद्ध गर्ने परम्परा प्रारम्भ भइसकेको थिएन । त्यस्तो अवस्थामा उनका परिवारका अग्रजहरूकै योगदानका कारण उनीसम्म आइपुगदा केवल श्रुतिपरम्परामै सीमित रहेका वीरगाथाहरू लिखित रूपमा समाजले ग्रहण गर्न सकेको हो । संग्राम कार्की उनको सबैभन्दा प्रिय भडा थियो । यसलाई उनले विशिष्ट शैलीमा गाउँथे । यस भडा गाउँदाको उनको अभिनय र गायकी अद्भुत हुन्थ्यो । भडा गाउने समयमा उनको विशेष मौलिक पहिरन हुन्थ्यो । रंगीबिरंगी झगुलो(घाँघराजस्तो), कुर्ता, आस्कोट, कम्मरमा पटुका, हुड्को, हुड् कोमाथिबाट पछाडिपट्टि चौरीगाईको पुच्छर र चार-पाँचवटा घन्टी झुन्डिएका हुन्थे । उनले भडा गाउने वेला चौरीगाईको पुच्छर मोहक किसिमले हल्लिने गर्थ्यो र घन्टी बजेर वीररसको झंकार दिने गर्दथे ।

> यो एक शक्तिको नृत्य हो, यसमा नृत्य गर्ने नर्तकहरू अत्यन्तै साहसी हुनुपर्दछ, नृत्य हेर्दा दर्शकहरूलाई पनि जोस आउने गर्दछ, धेरै त तालमा ताल मिलाएर नाच्छन् पनि ।

इन्डियामा प्रसिद्धि र सम्मान पाएका झुसे दमाईंजस्ता सांस्कृतिक रत्नलाई उनी जन्मेको, उनका पुर्खा जन्मेको ठाउँलाई अहिलेसम्म कसैले पनि सम्झिने गरिएको देखिँदैन । स्थानीय तह, प्रदेश सरकार र कला, संस्कृति संरक्षणमा लागेका सरकारी निकायले उनका बारेमा गहिरो अध्ययन गर्नु उपयुक्त हुनेछ । उनको कला र योगदान नयाँ पुस्ताका लागि समेत अनुकरणीय हुने गरी उनीबारे अनुसन्धान हुनु जरुरी छ ।


'जो भागी जी रलो सो रितु सुणलो ।
जो पापी बडन्छ काँहै सुणन्छ रीतु ।।'

यसै वर्षको इन्डियामा सम्पन्न गणतन्त्र दिवसको परेडमा छलिया नित्यले उत्तराखण्ड राज्यको प्रतिनिधित्व गर्न पाएकाले यसले पुनः एकपटक चर्चा पाएको छ । कलाको कुनै राज्य वा सीमा हुँदैन भनेझैं १८ जनाको टोलीले दिल्लीमा देखाएको छलिया नृत्यले टेलिभिजन, र युट्युबमा पुनः स्थान पाएको छ । सुदूरपश्चिममा हुने महोत्सवहरू तथा राष्ट्रियस्तरको कार्यक्रममा पनि यस छलिया नृत्यले उच्च स्थान पाएकै छ । छलिया नृत्यको ऐतिहासिक पृष्ठभूमि छ । राजाहरूको समयमा युद्धकौशल प्रदर्शन गर्न यो नृत्य देखाइन्थ्यो भने सैनिक मनोबललाई उच्च राख्न पनि तरबारसहितको नृत्यले महत्त्वपूर्ण स्थान लिने गर्दथ्यो ।

बमराडा, बैतडी



विपिन कोइराला
साथी



विद्यार्थी नेता हुँदाका रामचन्द्र

रामचन्द्र, देउवा र मेरो त्यसवेला तँ-तँ र म-मको सम्बन्ध हो । अहिले त ६ दशकभन्दा लामो संगत भइसक्यो । साधारण जीवन बिताउन खोज्ने, धेरै हाइफाई गर्न नखोज्ने रामचन्द्रजीको स्वभाव सुरुदेखिकै हो ।

नवनिर्वाचित राष्ट्रपति रामचन्द्र पौडेलसँग विसं ०१८ देखि संगत सुरु भयो । सुरुमा उहाँ कम्युनिस्टको विद्यार्थी फेडेरेसनमा हुनुहुन्थ्यो । कांग्रेसको छात्र संगठन भन्ने हुन्थ्यो । ०१९ मा छात्र संगठनबाट उहाँ कांग्रेसमा जोडिनुभयो । ०१९ मा उहाँ नेपाल संस्कृत विद्यार्थी संघको सचिव हुनुभयो । त्यसवेला स्वतन्त्र विद्यार्थी युनियन बनाउन पाइँदैनथ्यो । पञ्चायती सरकारको निर्देशनमा चल्ने विद्यार्थी संगठन मात्र अस्तित्वमा रहन सक्थे । विश्वविद्यालय र कलेजहरूमा स्वतन्त्र विद्यार्थी युनियन चाहिन्छ भन्दै आवाज उठाउनेमा हामी नै पहिलो थियौं । शेरबहादुर देउवा ०२० मा अभियानमा जोडिनुभयो । पञ्चायत सरकारले विद्यार्थी संगठन भनेको सरकारको निर्देशनमा चल्ने भन्ने बनाएको थियो । हामी त्यसविरुद्ध डटेर लागेका थियौं । ०१८-०१९ मा हामीले स्वतन्त्र युनियनको चुनाव गराएर पञ्चायत सरकारलाई चुनौती दिएका थियौं ।

नेविसंघ बनाउँदा पनि हामी सबै सक्रिय भएर लाग्यौं । त्यस अभियानमा म, रामचन्द्रजी, देउवाजी र शिवबहादुर खड्काजी नङ र मासुजस्तै थियौं । हामीमा टिमवर्क थियो । अहिलेजस्तो एकले अर्कालाई सकाउन लाग्दैनथ्यौं । संगठनमा काम गर्दा हामीले एकले अर्कालाई भरपुर सहयोग गथ्यौं । कठिन समयमा दुःख-सुखमा सँगै जेल बस्यौं । सँगै मर्ने-बाँच्ने लडाइँ लड्यौं । त्यसपछि अरू साथीहरू जोडिए ।

०१७ देखि ०२७ सम्मको जेलनेलको प्रशव वेदनापछि ०२७ वैशाख २६ मा नेविसंघको जन्म भयो । नेविसंघको पहिलो नेतृत्वका लागि मार्सलजुलुम शाक्य र म (विपिन कोइराला) बीच प्रतिस्पर्धा भयो । म पहिलो सभापति बनें । त्यसवेला तीनजनालाई केन्द्रीय कार्यसमिति सदस्यमा सभापतिले मनोनीत गर्न पाउँथ्यो । त्यसमध्येका रामचन्द्रजी, वसन्त गुरुङजी र मीनकुमार दाहालजीलाई मैले मनोनीत गरेको थिएँ । नेविसंघ बनेपछि 'संक्रान्ति' पत्रिका निकालियो त्यसको सम्पादक रामचन्द्रजी हुनुभयो, जुन नेविसंघको मुखपत्रको रूपमा अहिले पनि छ । रामचन्द्रजीमा त्यसवेलादेखि नै हातमुख र कलम पनि चलाउन सक्ने क्षमता थियो । संगठनमा पनि उहाँ त्यसरी नै सक्रिय रहनुहुन्थ्यो । ०१७ को अँध्यारो दिनमा कांग्रेसी भएको मान्छे हो रामचन्द्रजी ।

रामचन्द्र, देउवा र मेरो त्यसवेला तँ-तँ र म-मको सम्बन्ध हो । अहिले त ६ दशकभन्दा लामो संगत भइसक्यो । साधारण जीवन बिताउन खोज्ने, धेरै हाइफाई गर्न नखोज्ने रामचन्द्रजीको स्वभाव सुरुदेखि कै हो । त्यसवेला पाँच-सातजनाको नेविसंघको कोरटिम वर्क थियो । मुख्य रूपमा नेविसंघ सञ्चालन गर्नेमा म, रामचन्द्रजी, महामन्त्री टीका पोखरेलजी, मच्छिन्द्र पाठकजी, राम उपाध्यायजीको टिमवर्क थियो । युवा जोश-जाँगर सबैमा थियो । आइडिया निकाल्नुपऱ्यो भने सामूहिक छलफल गथ्यौं । टिममा हामी सबै सीधासाधा राजनीति गर्नेमा थियौं । देउवाजी अलि यताउता गर्न सक्नेमा हुनुहुन्थ्यो । देउवाजी पाँचपटक प्रधानमन्त्री बनेर ६ चोटिको लाइनमा हुनुहुन्छ । रामचन्द्रजीको प्रधानमन्त्री बन्ने रहर थियो त्यो नभए पनि जीवनको उत्तरार्धमा मुलुकको राष्ट्रपति बन्नुभयो । पार्टीमा समकालीनहरूबीच प्रतिस्पर्धा हुनु स्वाभाविक हो । तर, देउवाजीले यसपालि बढो उदारताका साथ रामचन्द्रजीको उद्धार गरिदिनुभयो । रामचन्द्रजी अहिले पार्टीमा भएका मान्छेमा पुरानोमध्येकै एक हुनुहुन्छ । राष्ट्रपतिमा उम्मेदवार बन्दा कांग्रेसभित्र र अरू दललाई हेर्दा सक्षम मानिस, समग्र पार्टीको र सिनियर मान्छे रामचन्द्रजी नै हुनुहुन्थ्यो ।

आन्दोलनका क्रममा हामी भद्रगोल जेल, सेन्ट्रल जेलमा सँगसँगै बस्यौं । रामचन्द्रजी त अझ धेरै समय जेलमा बस्नुभयो । राजाको सक्रिय कदममा महाराजगन्जको पुलिस क्लबमा दिनभर लगेर राख्थ्यो, बेलुका छाड्थ्यो । रामचन्द्रजी पोखरा र बागलुङको जेलमा पनि बस्नुभयो । म मलंगवा, जलेश्वरमा बसें । विद्यार्थी आन्दोलन हुँदा हामीले भाग नलिए पनि हामीलाई वारेन्ट हुन्थ्यो । पाँच-सातजना राज्यको तारो नै भएका थियौं ।

विपीले नेविसंघ चुनावअघि बनारसबाट सर्वसम्मत हुनु भनेर खबर पठाउनुभएको थियो । मैले मार्सललाई नछाड्ने, मार्सलले मलाई नछाड्ने । विपीको सन्देशको सम्मान गर्न पनि मैले रामचन्द्रजीलाई सभापति छाड्नुस् भनें । तर, मार्सललेमान्नुभएन, र चुनावको अवस्था आयो । म, रामचन्द्रजी, मार्सलजी र ऋषिकेश गौतमजीले बनारसबाट आएको निर्णय मान्छौं भनेर तमसुक गर्यौं । जसको पक्षमा निर्णय हुन्छ हामी त्यसलाई मान्छौं भन्यौं । पछि देशभरिका डेलिगेट्सबाट मेरै पक्षमा सभापतिमा मत आयो । त्यसवेला रामचन्द्रजीसहित सबैको साथले म सभापति बनें ।

> आन्दोलनका क्रममा हामी भद्रगोल जेल, सेन्ट्रल जेलमा सँगसँगै बस्यौं । रामचन्द्रजी त अझ धेरै समय जेलमा बस्नुभयो । उहाँ पोखरा र बागलुङको जेलमा पनि बस्नुभयो । राजाको सक्रिय कदममा महाराजगन्जको पुलिस क्लबमा दिनभर लगेर राख्थ्यो, बेलुका छाड्थ्यो ।

पहिला हामी कांग्रेस भइसकेपछि र जेलनेल बसेर आएपछि नेविसंघमा आबद्ध भयौं । नेतृत्व तहले हामीलाई चलाउन सक्दैनथ्यो । नेताहरू जेल र निर्वासनमा बसेको समयमा पनि कांग्रेसको इज्जत राखेका थियौं । म जेलमा हुँदासमेत अधिवेशन गराएका थिए । तर, नेविसंघ जन्माएका नेता नै नेतृत्वमा रहँदा पछिल्लो समय सम्मेलन हुन छाड्यो । नेताहरूलाई अहिले नेविसंघको मान्छे मात्रै भएर पुगेन, आफ्नै मान्छे चाहिएको छ । त्यसैले अहिले नेविसंघ लथालिंग अवस्थामा छ ।

०००

उहाँसँगको ६ दशक लामो संगतमा केही बिर्सन नसकिने समय पनि छन् । एकपटक मेरो छोरीलाई टाइफाइड भयो । अनामनगरको डेरामा बस्थ्यौं हामी । रामचन्द्रजी मन्त्री हुनुहुन्थ्यो । छोरीलाई कहिले बोकेर कहिले डोहोऱ्याएर हिँडिरहेका थिएँ । त्यसैवेला मन्त्रीको सवारी भयो । उहाँले सवारीका क्रममा देखेपछि कहाँ जान लागेको भन्नुभयो, तर अस्पतालसम्म पुऱ्याइदिन्छु भन्नुभएन । उहाँको स्वभाव अलि लोकप्रियतावादी पनि हो । सबैले सहयोग गरिदियोस् भन्ने । तर, उहाँलाई सहयोग गरिदिएपछि अरूलाई उहाँले फर्केर हेरेको इतिहास त्यति छैन । समग्रमा हाम्रो काइदाको सम्बन्ध छ ।

मैले थाहा पाउँदा उहाँ लैनचौरमा डेरा गरेर बस्नुहुन्थ्यो । विद्यार्थी आन्दोलका क्रममा उहाँ मकहाँ आउने र म पनि उहाँकोमा गएर खाना खाने गर्थ्यौं । रामचन्द्रजी, शेरबहादुरजी, चिरञ्जीवी वाग्लेजीलगायतले संगठन बनाउने क्रममा धेरैपटक अनामनगरको डेरामा बनेको मीठोमसिनो बाँडेर खाएका थियौं । त्यसवेला रामचन्द्रजीको विवाह भइसकेको थियो ।

जेलमा बस्दा ठट्टैठट्टामा यस्तो घटना पनि भएको थियो । एकपटक भद्रगोल जेलमा थियौं हामी । त्यहाँ बमकाण्डको प्रसंगमा परशुनारायण चौधरी, अच्युतराज रेग्मी पत्रकाउ परेका थिए । सिके प्रसाईं पनि सँगै हुनुहुन्थ्यो । प्रसाईंको सालीले स्विटर बनाएर भिनाजुलाई लगिदिनुभएकोरहेछ । 'ओहो यति राम्रो स्विटर रहेछ, भन् स्विटर त्याउने मान्छे कति राम्री होला ?,' भनेर रामचन्द्रजीले जिस्क्याउनु भएको थियो । संयोगले उनको अनुहारमा छ्याका परेकोरहेछ । रामचन्द्रजीले त्यसो भनेपछि सिकेले त्यो स्विटर कहिल्यै लगाएनन् । पछि परशुनारायणले त्यो स्विटर किनेर लगाए ।

(नेविसंघका संस्थापक् सभापति विपिन कोइरालासँग केशवप्रसाद पाण्डेले गरेको कुराकानीमा आधारित)

साहित्यिक पर्यटनको साहित्यिक बयान



रत्न प्रजापति
ratna.prajapati@gmail.com
चर्चा

पछिल्लो समय नियात्रा विधा लेखकहरूको रोजाइ र पाठकहरूको अभिरुचिमा पर्न सफल हुँदै आएको छ । केही यायावर लेखकहरूले आफूले यात्रा गरेको स्थानबारे आफ्ना निजी अनुभूति अभिव्यक्त गर्ने क्रममा नियात्रा विधाले फस्टाउने अवसर पाएको छ । नियात्रामा स्थानीय भौगोलिक, सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक र मूर्त-अमूर्त सम्पदा आदि विषयमा धेरै-थोरै महत्त्वपूर्ण जानकारीसँगसँगै लेखकका निजी अनुभूतिहरूको रसास्वादन गर्न पाइने हुँदा नियात्रा विधाको पठनमा पाठकहरूको अभिरुचि र आकर्षण बढ्दै गएको देखिन्छ । पाठकीय अभिरुचि बढेसँगै नियात्रा लेखनको दायरा पनि क्रमिक रूपमा बढिरहेको छ । नयाँ तथा पुराना लेखकहरूले फुटकर लेखनका साथै नियात्रा सङ्ग्रह प्रकाशन गर्ने क्रम पनि पछिल्लो समय ह्वात्तै बढेको छ ।

नियात्राकारको निजी अनुभूतिसँगैसँगै नियात्राकारले पाइला टेकेको ठाउँको भौगोलिक, सामाजिक, सांस्कृतिकसँगसँगै त्यहाँको राजनीतिक वस्तुस्थितिबारे यथोचित जानकारीलाई अनुभूतिको लेपनले सजाइएको र सुललित प्रस्तुतीकरण भएको नियात्रालाई पाठकले रुचाउने गरेका छन् । नियात्राका पाठकलाई नियात्रा पठनको आनन्द दिन खप्पिस नियात्राकार हुन् कृष्ण बजगाईं । यात्राका क्रममा अवलोकनभन्दा खोजिनितीलाई बढी प्राथमिकता दिन्छन् नियात्राकार बजगाईं । हरेक यात्रालाई आफ्नो निजात्मक अनुभूतिसँगसँगै भोगाइ र देखाइका अनुभवहरूलाई मिठामिठा शब्दका मालामा उनेर नियात्रा लेख्दै आएका नियात्राकार बजगाईंका 'युरेसियाको स्पर्श', 'भाया साक्रा' र 'दाइबुचु' नियात्रा सङ्ग्रह नियात्राका पाठकले निकै रुचाएका नियात्राकृति हुन् । पाठकले रुचाएका उनै नियात्राकारको पछिल्लो प्रकाशित नियात्राकृतिको नाम हो 'उमिहोतारु' । यसको प्रकाशक रहेको छ भुँडीपुराण प्रकाशन ।

नियात्राकार कृष्ण बजगाईं कथा, लघुकथा, हाइकु र बालकथा लेखनमा पनि उत्तिकै सक्रिय छन् । उनको 'कमरेड भाउजू' (कथा सङ्ग्रह), 'यन्त्रवत', 'रोडम्याप', 'कवच' र 'संवैधानिक पत्नी' (लघुकथा सङ्ग्रह) 'हिउँको तन्ना', 'कुमारी रात' र 'मौन प्रणय' (हाइकु सङ्ग्रह) र 'आगो ओकल्ने पहाड' (बालकथा सङ्ग्रह) लगायतका एक दर्जनभन्दा बढी कृति प्रकाशित छन् । यसैगरी त्रिभुवन, पूर्वाञ्चल, लुम्बिनी बौद्ध र नेपाल संस्कृत विश्वविद्यालयका स्नातक तहका नेपाली पाठ्यक्रममा उनका नियात्रा समावेश छन् । यसैबाट कृष्ण बजगाईंको नियात्रा लेखन कति शक्तिशाली र प्रभावशाली छ भन्ने पुष्टि हुन्छ ।

बजगाईंको नियात्रा लेखनमा यात्राको वर्णनभन्दा विचार र चिन्तन पक्ष निकै सशक्त रूपमा प्रस्तुत भएको पाइन्छ । वर्णन मात्रैले भन्दा विचार र चिन्तनले नै हो, लेखनलाई शक्तिशाली र प्रभावशाली बनाउने । बजगाईंको नियात्रा लेखनमा यी दुवै गुण यथेष्ट मात्रामा पाइन्छ । बजगाईंका विचार र चिन्तनले खारिएका भावनाहरूले यात्राको वर्णनलाई निकै ओजपूर्ण बनाएको अनुभूति हुन्छ । नियात्राको बहुआयामिक पक्षलाई उनका सुन्दर विचार, भावना र कल्पनाको जलपले निकै चम्किलो पारेको पाइन्छ । यसैले उनका नियात्राहरू पाठकीय आकर्षणभित्र पर्ने गरेका छन् । सुरुचिपूर्ण नियात्राको पठनले पाठकहरू आनन्दित र सन्तुष्ट हुने गरेका छन् ।

लामो समयदेखि बेलायतलाई नै आफ्नो कर्मथलो बनाएका कृष्ण बजगाईं डायस्पोरिक साहित्यकार हुन् । त्यसैले उनका हरेक लेखनमा डायस्पोरिक स्वादको आनन्द प्राप्त गर्न सकिन्छ । निजी तथा व्यावसायिक भ्रमणका सिलसिलामा विश्वका अनेक मुलुक पुगेका बजगाईंले आफूले पाइला टेकेका हरेक ठाउँका भौगोलिक, आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक सूचना र जानकारीलाई आफ्नो निजी अनुभूतिसँग सुन्दर सम्मिश्रण गरेर पाठकलाई साहित्यिक खुराकको रूपमा पस्कने गरेका छन् । 'उमिहोतारु' यस्तै खुराकले भरिएको नवीनतम कृति हो । यसमा सन् २०१८ देखि यताका विभिन्न समयमा अमेरिका, बेलायत र जापानमा गरिएका यात्राका अनुभूति समावेश छन् । सोद्देश्य वा निरुद्देश्य कुनै ठाउँको भ्रमणमा जाँदाका बखत तत्काल उत्पन्न हुने विचार, भावना र कल्पनालाई सुन्दर लेखनशिल्पद्वारा लिपिबद्ध गरिएका शब्दका थुँगाहरूले नियात्रा पठनको भरपूर आनन्दसँगसँगै विश्वप्रसिद्ध साहित्यकारका बारेमा दिइएका जानकारीबाट पाठकहरू यथेष्ट लाभान्वित हुनेछन् ।

'उमिहोतारु' नियात्रा सङ्ग्रहमा जम्माजम्मी २१ वटा नियात्रा सङ्गृहीत छन् । नियात्रामा यात्राको यायावरीय आनन्दको अनुभूति त छँदै छ, साथसाथै व्यङ्ग्य, विद्रोह र आक्रोशको छनक र दनक पनि यथेष्ट महसुस गर्न सकिन्छ । विशेषतः नियात्राका पाठकलाई यात्रामा आफूसँगसँगै हिँडाउन सक्ने र रमाउन सक्ने सामर्थ्य बजगाईंको नियात्रा लेखनको निजी वैशिष्ट्यको रूपमा रहेको महसुस हुन्छ । पाठक स्वयं नियात्राकारसँगसँगै तत्तत् स्थानमा पुगेझैं लाग्ने, नियात्राकारले वर्णन गरेको प्राकृतिक र मानव निर्मित सुन्दरतासँग आफैंले साक्षात्कार गरेझैं लाग्ने, नियात्राकारले भोगेको भोगाइ, सोचाइ र बुझाइ आफ्नैझैं



रामचन्द्रका लागि चिठी लुकाएर जेलभित्र पुऱ्याउँथे दिलप्रसाद



नारायण रिजाल

रामचन्द्र पौडेलका लागि दिनदिनैको पत्रिका जेलमा पुऱ्याउँथैं । खल्तीमा पञ्चायतको विरोधमा लेखिएको पर्चा रहेछ । पुलिसले थाहा पाइहाल्यो । दिनभरि कारागारभित्रै थुनिएँ । बेलुका भैंसीले दूध दिँदैन भन्ने बहानामा फुत्किएँ ।

बागलुङका दिलप्रसाद सापकोटा उमेरले ६३ वर्षका भए । पेसाले उनी किसान हुन् । अहिले पनि दैनिक खेती-किसानीमै व्यस्त हुन्छन् । बागलुङको काठेखोला गाउँपालिका- ६ बिहुँका सापकोटा ०४६ सालदेखि नै दैनिक आफ्ना गाईभैंसीको दूध बिक्री गर्न बागलुङ बजार पुग्थे । उवेला दैनिक दुई घन्टा पैदल हिँडेर बागलुङ बजार पुग्थे ।

यता दिलप्रसाद दिनहुँ दूधदही लिएर बजार झरिरहँदा उता पञ्चायतविरुद्धको आन्दोलन उत्कर्षमा थियो । त्यहीबेला भेट भयो अहिलेका राष्ट्रपति रामचन्द्र पौडेलसँग उनको । बिहीबार पौडेल राष्ट्रपतिमा निर्वाचित भएपछि सापकोटा निकै हर्षित छन् । सापकोटा हर्षित नहुन् पनि कसरी ? किनकि यी दुईको सम्बन्ध बडो रोचक छ ।



सापकोटा र पौडेलको सम्बन्ध ०४६ सालको पञ्चायतविरुद्धको आन्दोलनदेखि निकट बन्यो । नेपाल विद्यार्थी संघको जिल्ला अधिवेशन र पार्टी संगठन विस्तारका लागि ०४६ मंसिरमा बागलुङ आउँदा सापकोटा र पौडेलको सम्बन्ध जोडियो । नेविसंघका तत्कालीन अध्यक्ष जगदिशचन्द्र उपाध्यायको घरमा भएको एउटा कार्यक्रममा सापकोटा र पौडेलको भेट भएको थियो । सापकोटा उपाध्यायको घरमा दैनिक दूध ल्याउँथे । त्यहाँ पञ्चायतविरोधी आन्दोलनका बारेमा छलफल र काग्रेसको संगठन विस्तारका बारेमा छलफल चलिरहेको हुन्थ्यो । उनी पनि सोही कार्यक्रममा सहभागी भए रामचन्द्र पौडेललाई चिन्ने मौका पाए । बागलुङको कार्यक्रम सकाएर म्याग्दीको बेनी जान लागेका पौडेललाई बागलुङ-म्याग्दी जोडिने ढोडेनी खोलाबाट प्रहरीले फर्काइदियो । त्यसपछि पौडेल पर्वतको फलेवासमा कांग्रेस नेता डिल्लीराम लामिछानेलाई भेट्न पुगे । सोही क्रममा ०४६ साल मंसिर २६ गते प्रहरीले पौडेललाई पक्राउ गऱ्यो । पौडेललाई पहिलो दिन बलेवा राखेर भोलिपल्ट बागलुङ कारागारमा पुऱ्याइयो ।

पौडेलभन्दा अघि बागलुङका तत्कालीन नेविसंघका अध्यक्ष हालका काग्रेस बागलुङका नेता जगदिशचन्द उपाध्याय पक्राउ परिसकेको थिए । उपाध्यायसहित पौडेललाई पक्राउ गरेर कारागार चलान गरिएको थियो । व्यवस्थाविरोधी काम गरेको भन्दै पौडेलविरुद्ध विभिन्न मुद्दा लगाइएका थिए । उक्त मुद्दामा पौडेलसहित बागलुङका तत्कालीन पार्टी सभापति गोविन्दप्रसाद शर्मा कँडेल, रघुपति कँडेल, शेखर कँडेल, ऋषिराम कँडेल विष्णु गिरी र तनहुँका लक्ष्मी आचार्यसमेत कारागार चलान भएको सापकोटा सम्झन्छन् ।

झट्ट मकै भुटेर जेलमै ल्याइदिन्थे

'भर्खरै चिनजान भएको थियो । जगदिशसँगै रामचन्द्र र अन्य नेतालाई पनि पक्राउ गरेर जेल पठाएको रहेछ,' सापकोटाले भने,'मैले दैनिक जगदिशकोमा ल्याउने दूध कारागारमा लान थालैं । त्यसपछि उहाँहरूसँग भन्ने निकटता बढ्दै गयो ।' सापकोटाले पौडेलका लागि गाउँबाट घ्यू, दूध, दहीसँगै तरकारी पनि लैजान्थे । 'मैले रामचन्द्रजीका लागि भनेर गाउँमा झट्ट मकै भुटेर पुऱ्याइदिन्थैं । दूध त दिनदिनै पुऱ्याउँथैं,' सापकोटा भन्छन्,'उहाँहरूको सूचना आदानप्रदान गर्ने माध्यम पनि मै भएको थिएँ । खानेकुरासँगै पत्रपत्रिका पनि लगिदिन्थैं । अन्य कोही भेटघाटका लागि आउनुभयो भने मसँगै जानुहुन्थ्यो । मसँग गएपछि भेट्न पाइन्थ्यो नत्र दिँदैनथ्यो ।'

सापकोटाले काठमाडौंबाट कांग्रेसका तत्कालीन सहमहामन्त्री वासुदेव रिसालले पौडेलका लागि पठाएको पत्र घ्यूको डिब्बाभित्र लुगाएर पुऱ्याएको बताउँछन् । रामचन्द्र जेलमा हुँदा पत्रपत्रिका पुऱ्याउने क्रममा एकदिन पञ्चायतविरुद्धको पर्चा प्रहरीले भेट्टाएपछि सापकोटा पनि एकदिनभर कारागारमा थुनिए । भन्छन्,'दिनदिनैको पत्रिका जेलमा पुऱ्याउँथैं । खल्तीमा पञ्चायतको विरोधमा लेखिएको पर्चा रहेछ । पुलिसले थाहा पाइहाल्यो । दिनभरि कारागारभित्रै थुनिएँ । बेलुका भैंसीले दूध दिँदैन भन्ने बहानामा फुत्किएँ ।'

पौडेल करिब ६ महिना बागलुङ कारागारमा बस्दा बाहिरबाट सबै सहयोग सापकोटाले नै गरेको कांग्रेस बागलुङका नेता जगदिशचन्द्र उपाध्याय बताउँछन् । 'रामचन्द्र दाइ र हामीलाई बाहिरी सबै सूचना पुऱ्याउने नै दिलप्रसादजी हुनुहुन्थ्यो,'उपाध्याय भन्छन्,'भित्रको खबर पनि उहाँलाई नै पठाउँथ्यौं । उहाँलाई प्रहरीले रोक्दा पनि चिठीपत्र हामीसम्म आइपुग्थ्यो ।'

पञ्चायतको धरपकडका बाबजुद पौडेलको पक्षमा बागलुङका वरिष्ठ अधिवक्ता काजी गाउँले श्रेष्ठले वकालत गरेका थिए । बहुदल घोषणापछि धेरै राजबन्दी छुट्दा पौडेल छुट्न पाएनन् । अन्ततः ०४७ वैशाख २ गते मन्त्रिपरिषद्को निर्णयले मात्रै पौडेल छुटे । कारागारबाट छुटेपछि पौडेलले धौलागिरि बहुमुखी क्याम्पसमा आयोजित कार्यक्रममा सम्बोधन गरेका थिए ।


सापकोटाले पौडेल जेलबाट छुटेपछि पनि समय-समयमा भेट्ने गरेको बताए । 'बागलुङका हरेक कार्यक्रममा आउँदा म उहाँलाई भेट्ने प्रयास गर्थैं । उहाँ पनि भेट्नुहुन्थ्यो । केही वर्ष पहिले घरमै आएर जानुभएको थियो,' सापकोटाले भने ।

सापकोटा अहिले पनि गाउँमै कृषिकर्ममा व्यस्त छन् । सापकोटाले खेती-किसानी गरेर एउटा छोरालाई जापान पठाए भने एउटा छोरालाई इन्जिनियर पढाएका छन् । तीन छोरीमा दुईवटैको विवाह भयो । एउटी छोरीलाई स्टाफ नर्स पढाएका छन् । उनीसँग अहिले पनि दुईवटा भैंसी छ । उनी त्यही भैंसी स्याहारमा व्यस्त छन् । भन्छन्, 'मैले नजिकबाट चिनेको, उहाँले पनि मलाई चिनेको व्यक्ति अहिले मुलुकको राष्ट्रपति हुँदा साह्रै खुसी लागेको छ । म किसानको छोरा त यति खुसी छु, अरू भनै कति खुसी होलान् ।'

पौडेलको पाँचवर्षे कार्यकाल विवादरहित बितोस् भन्ने कामना सापकोटाले व्यक्त गरे । उनले भने,'फेरि एकपटक भेट्ने चाहना छ । केही दिन पछि जान्छु ।'

लाग्ने आदि विशेषताले गर्दा बजगाईंको नियात्राको ग्राह्यता अधिक छ ।

'उमिहोतारु' नियात्रा सङ्ग्रहभित्रका नियात्रामा भूगोल छ र भौगोलिक विविधता छ, समाज छ र संस्कृति छ, प्रकृति छ र प्राकृतिक सौन्दर्य छ, राजनीति छ र राजनीतिक बेथिति छ, इतिहास छ र ऐतिहासिक दस्ताबेज छ, धर्म छ र धार्मिक विश्वास र अन्धविश्वास छ । अनि सबैभन्दा धेरैचाहिँ साहित्यिक पर्यटनको साहित्यिक बयान छ । सबैभन्दा महत्त्वपूर्ण कुरा त्यहाँ मान्छे छ र मान्छेले भोग्ने सुख र दुःख छ । अनि सुखको कारण समुद्रबीचमा बनाइएको सानो मानव निर्मित टापुको नाउँ हो, उमिहोतारु । जापानी भाषाको शब्द उमिहोतारुको नेपाली अर्थ हो समुद्री जुनकिरी । समुद्रको बीचमा रहेको उमिहोतारुको रात्रिदृश्य समुद्रमा चम्किरहेको जुनकिरीजस्तै देखिने हुँदा यसको नाउँ उमिहोतारु अर्थात् समुद्री जुनकिरी राखिएको रहेछ । कृष्ण बजगाईंको यो नियात्रा सङ्ग्रह जुनकिरीको उज्यालो जस्तै छ । झिलिक्क-झिलिक्क निभ्दै-बल्दै गर्ने जुनकिरीको अनौठो उज्यालोले मनलाई आनन्दित पारेजस्तै 'उमिहोतारु' नियात्रा सङ्ग्रहले पठनको त्यस्तै आनन्द दिन्छ ।



'उमिहोतारु' मा जम्माजम्मी २१ वटा नियात्रा सङ्गृहीत छन् । नियात्रामा यात्राको यायावरीय आनन्दको अनुभूति त छँदै छ, साथसाथै व्यङ्ग्य, विद्रोह र आक्रोशको छनक पनि महसुस गर्न सकिन्छ ।

'उमिहोतारु' नियात्रा सङ्ग्रहका धेरै नियात्रा सूचनामूलक छन् । यात्राका भोगाइ र देखाइका अनुभव र अनुभूति पोख्दापोख्दै पाठकका लागि अत्यन्त महत्त्वपूर्ण ऐतिहासिक, धार्मिक, प्राकृतिक, आर्थिक, सामाजिक, राजनीतिक एवम् साहित्य, कला, संस्कृति, संगीत आदिका सूचनाहरू दिँदै जानु नियात्राकार बजगाईंको निजी विशेषताको रूपमा देखिन्छ । नियात्राकार पुगेको सहर वा देशले भोगेको नियति र त्यसले गरेको प्रगति, विकास र आर्थिक समृद्धिका बारेमा पनि यथोचित जानकारी दिइएको पाइन्छ ।

नियात्रामा मानवीय संवेदना र भावना प्रखर रूपमा आएको पाइन्छ । 'क्याम्ब्रिजमा निर्वस्त्र सुन्दरी' शीर्षकको नियात्रामा एक ठाउँमा नियात्राकारले लेखेका छन्, 'सारा मानव जातिको भविष्यको चिन्ता गर्दै नाङ्गिने भन्दा आफ्नो मोजमस्तीमा रमाएर महँगा कपडाको खोल लगाएर हिँड्ने हामी नाङ्गा नभएर अरू को त ?' (पृष्ठ २२) नियात्राकारको यो भनाइ निकै सार्वजनिन लाग्छ ।

'उमिहोतारु' नियात्रा सङ्ग्रहभित्र साहित्यिक पर्यटनको बाहुल्य छ । यसमा विशुद्ध नियात्राभन्दा साहित्यिक पर्यटकका रूपमा अवलोकन गर्दाको अभिव्यक्तिले बढी स्थान पाएको छ । 'लन्डनमा शरणार्थी फ्रायड' देखि 'उपन्यासकार नात्चुमे र जापानी बिरालो'सम्मका झन्डै १० थान नियात्रालाई साहित्यिक पर्यटनका अनुभव र अनुभूति भन्न सकिन्छ । यो नियात्रा सङ्ग्रहमा कठिन र दुरुह यात्राको रोमाञ्चभन्दा वातानुकूलित कार चढेर गरिएका साहित्यिक पर्यटनका बौद्धिक अनुभूतिहरूको बाहुल्य भेटिन्छ ।

कृष्ण बजगाईं यो नियात्रा सङ्ग्रहमा सौखिन साहित्यिक पर्यटकका रूपमा देखिएका छन् । यात्रामा हुने कठिनता, दुरुहता र रोमाञ्चकताभन्दा साहित्यिक बौद्धिकताले भरिएका छन् धेरैजसो नियात्रा । पहाडका कन्दराहरूमा कहालिँदै भित्तो समाल्दै हिँड्दाको डर, भय र रोमाञ्चकता यो सङ्ग्रहका नियात्रामा छैन । ठसठसी कन्दै पहाडको ठाडो उकालो बाटो हिँड्दाको थकान र त्यसपछिको मिठो आनन्दको अनुभूति पनि छैन । तर, साहित्यिक पर्यटनको बौद्धिक स्वाद भने प्रशस्त छन् । त्यसैले यो नियात्रा सङ्ग्रह साहित्यिक पर्यटनको बयानजस्तो बनेको छ । नेपालमा पनि साहित्यिक पर्यटनलाई प्रवर्द्धन गर्नुपर्ने र साहित्यकारहरूको संग्रहालय निर्माणमा जोड दिनुपर्ने आशय पनि धेरैवटा नियात्राहरूमा प्रकट भएका छन् । तर नेपालमा कहाँ बन्छन् र साहित्यकारका नाममा संग्रहालय ! पार्टीका नेता र पार्टीका झोलेहरूका नाममा अनेक प्रतिष्ठान पो बन्छन् त ।

ती पाँच विपत् जसले इटहरीलाई सहर बनाए



भूगोलविद् हर्क गुरुङले इटहरीको विकास गर्न राष्ट्रिय नीति-निर्माताको ध्यान ०४८ मै खिचेका थिए । तीन दशकपछि अहिले इटहरीको विकास उनले सोचेअनुसारकै हाराहारीमा भएको छ ।

वि.सं ०४८ चैत्र १३ गते (सन् १९९२ मार्च २६) गतेको 'स्वतन्त्रता' साप्ताहिकमा भूगोलविद् तथा बहुआयामिक रणनीतिक योजनाकार हर्क गुरुङले 'काठमाडौंको भविष्य' शीर्षकमा एउटा सुन्दर आलेख लेखे । त्यसमा उनले काठमाडौंको अस्वाभाविक जनघनत्वलाई नियन्त्रण गर्न राजधानी भरतपुर सार्ने योजनाबद्ध कार्यक्रम ल्याउनेलगायतका आठ बुँदा सुझाव दिएका छन् ।

सुझाब नम्बर एकमै इटहरीको प्रसंग गुरुङले जोडेका छन् । उनले सुझाएका छन्,'सर्वप्रथम देश विकासमा औद्योगीकरण तथा सहरीकरणसम्बन्धी प्रादेशिक-क्षेत्रीय ढाँचाको आवश्यकता छ । सो विकासको ढाँचा काठमाडौंमा नियन्त्रण र राजमार्ग जोडिने ठाउँहरू (इटहरी, ढल्केवर, पथलैया, भरतपुर, बुटवल, लमही, कोहलपुर, चिसापानी, अत्तरिया, मालाखेती, आदि)लाई औद्योगीकरण तथा सहरीकरणको केन्द्रबिन्दु बनाई तदनुरुप आधारभूत व्यवस्था र वित्तीय सुविधा उपलब्ध गराउने ।'

गुरुङले इटहरीको विकास गर्न राष्ट्रिय नीति-निर्माताको ध्यान ०४८ मै खिचेका थिए । तीन दशकपछि अहिले इटहरीको विकास हर्क गुरुङले सोचेअनुसारकै हाराहारीमा भएको छ । इटहरीका पूर्वाधारदेखि जनसंख्याको बढोत्तरीको कोणले त्यो देखाउँछ । जस्तै, ०५८ को जनगणनामा ४१ हजार दुई सय १० जनसंख्या भएको इटहरीमा ०६८ को जनसंख्या एक लाख ४० हजार पाँच सय १७ पुग्यो । ०७८ मा आइपुग्दा जनसंख्या एक लाख ९८ हजार ९८ पुग्यो ।

अहिले इटहरीमा भाटभटेनीको देशकै सबैभन्दा ठूलो क्षेत्रफलको शाखा छ । सँधियारी जेठो नगर धरानभन्दा धेरै जनसंख्या र आन्तरिक आम्दानी इटहरीको छ । सुनसरीकै प्रथम तारे होटेल इटहरीमै बन्दै छ । प्रदेश १ को पहिलो जलउद्यानदेखि प्रादेशिक व्यापारिक अड्डाहरूले इटहरी मुकाम बन्दै गएको छ । यी सबै हुनुमा हर्क गुरुङले भनेजस्तो सरकारले अख्तियार गरेको नीतिले चाहिँ भएको होइन । ०५३ मा नगरपालिका भएको इटहरी तन्नेरी सहर हुँदाहुँदै ०७१ मा उपमहानगरपालिकामा बढुवा हुनुमा जनस्तरकै भूमिका छ । जनसंख्याका आधारमा देशको शीर्ष दश सहरमध्ये एक इटहरी बन्नुमा केही विपत्को महत्त्वपूर्ण हात छ । पाँच विपत्को बुँदागत चर्चा यहाँ गरिएको छ ।

२०१० सालको आगलागी

विसं २०१० सालमा इटहरीको मुख्य चोक अहिलेको इटहरी चोकमा थिएन । गोल्डेन चोक क्षेत्रमा थियो । त्यो समयमा चोकमा पक्की घर थिएनन् । फुसैफुसका घर थिए । २०१० चैत महिनामा स्थानीय अमरबहादुर भुजेलको घरबाट निस्केको आगोले बस्ती रित्यायो । त्यो क्षेत्रको जग्गा सबै कोमलकुमारी शाहको नाममा थियो । बस्नेहरूको बिचल्ली भयो । तत्कालीन मिल सञ्चालक राधाप्रसाद रिजालले अस्थायी वासको प्रबन्ध गरिदिए । यत्तिले आगलागी पीडितलाई पुगेन । उनीहरू बस्दै आएको ठाउँ कोमलकुमारी शाहको जिम्दारी क्षेत्रमा थियो । त्यहाँ घर बनाउन सजिलो भएन । पछि, पीडितहरूको आग्रह मान्दै तत्कालीन मोरङ गोश्वाराका बडाहाकिम भूपालमानसिंह कार्कीले नापजाँच गरेर दुई हजार रुपैयाँ बिघाका दरले जग्गा बाँडे । इटहरीका स्थानीय पाकाहरूका अनुसार त्यो कदमपछि मात्रै इटहरीमा आममान्छेको नाममा जमिनको स्वामित्व आयो । यसको फाइदा घर भएकाहरूले मात्रै लिएनन्, डेरावालहरूले पनि लिए ।

इटहरीको त्यो युगका प्रत्यक्षदर्शी नरबहादुर अधिकारीले हिमाल दाहालले लेखेको 'इतिहासमा इटहरी' नामक पुस्तकमा भनेका छन्, '६५ वटा घरमा आगो लागेको, तर १०७ घडेरी निक्लँदा डेरामा बस्नेले पनि घडेरी पाए । त्यो नापीमा कित्ता समाल्ने, किला ठोक्ने सबै काम मैले गरैं । त्यसवेला उठेको रकमले चारवटा ट्युबवेल गाडिए । त्यसअगाडिसम्म मानिस टेंग्रा खोलाको पानी खान्थे ।' राणा-राजा परिवारकै नाममा मात्रै इटहरीका जग्गा थिए । पूर्वमन्त्री तथा इटहरीका पूर्वप्रधानपञ्च रामकुमार सुब्बाका अनुसार इटहरीमा पहिले सबै जग्गा दरबारियाका थिए । दरबारियाका क र ख दुवैका जग्गा इटहरीमा भएको सुब्बाले 'इतिहासमा इटहरी' पुस्तकमा खुलाएका छन् । सुब्बाले भनेका छन्, 'क वर्गका दरबारियाहरू मोहनविक्रम, मैया कोमलकुमारी, लक्ष्मणशमशेर थिए । ख वर्गका केन्द्रशमशेर, दीपकशमशेर, रविविक्रम, प्रकाशशमशेर, भरतविक्रम आदि थिए ।'

> प्रदेश १ को पहिलो जलउद्यानदेखि प्रादेशिक व्यापारिक अड्डाले इटहरी मुकाम बन्दै गएको छ । यी सबै हुनुमा भूगोलविद् हर्क गुरुङले ०४८ सालमा भनेजस्तो सरकारले अख्तियार गरेको नीतिले चाहिँ भएको होइन । इटहरीको स्वरूप बदलिँदै जानुमा पाँच विपत् जिम्मेवार छन् ।

२०१० को आगलागीले इटहरीमा फुसका घर मात्रै जलाएन, यसले बलिया आधुनिक घर बनाउने जगसमेत तयार गऱ्यो । मान्छेहरूको आवादी बढायो । इटहरीलाई सहर बन्न चाहिने जनघनत्वको एक बलियो जग यही आगलागी प्रकरण बन्यो ।



विराट अनुपम
biratanupam@gmail.com

सहर

किस्ता-किस्ताको कोसी कहर

अहिलेको इटहरीका पुराना घनत्व भएका ठाउँहरू गैसार, बज्राहा र पकली आदि हुन् । ती क्षेत्रमा आदिवासी थारूहरूको बसोवास थियो । बाँकी क्षेत्रमा भएको बसोवासमा आप्रवासनको धेरै भूमिका छ । आप्रवासनको एक प्रमुख कारण कोसी कहर पनि हो । यसको प्रारम्भ २०११ सालको कोसी बाढी हो । त्यो सालको कोसी बाढीले सिन्धुरे टप्पुमा ताप्लेजुङबाट बसाइँ सरेर आएका महेश्वर सुब्बाहरू पीडित बने । उनको नेतृत्वमा कोसीपीडितहरू इटहरी आए । अधिकांश क्षेत्रमा जंगल रहेको त्यहाँ अहिलेको इटहरी-३ देखि उत्तरी मोरङको पालिका सुन्दरहरैंचा नगरपालिकाको गछिया खोलासम्म सुब्बाले झोडा (जंगल) फाँडेर बस्ती बसाए । उनले बसाएको बस्ती क्षेत्रलाई धेरैपछिसम्म महेश्वर झोडा भनिन्थ्यो । कतिपयले त इटहरीलाई नै महेश्वर झोडा भनेर बुझ्थे । जंगल फँडानी गरेको भन्दै सुब्बा पटकपटक थुनामा समेत परेका थिए । २०११ मात्रै होइन, २०६५ भदौ २ गतेको कोसीको बाढीले समेत इटहरीको जनसंख्या र कारोबार बढायो । सुनसरीमा २०६६ देखि २०६८ सम्म प्रमुख जिल्ला अधिकारी भएका राप्रसाद थपलियाले 'इतिहासमा इटहरी'सँग भनेका छन्,'त्यतिखेर सरकारले नै एक अर्ब रुपैयाँभन्दा बढी क्षतिपूर्ति उपलब्ध गराएको थियो भने त्यही रकमलाई लक्षित गरी इटहरीमा घरघडेरीको प्लटिङ भइरहेको थियो ।'

२०४५ सालको भूकम्प

धरानलाई पूर्वको लाहुरेहरूको सहर भनेर चिनिन्छ । बेलायतीदेखि भारतीय गोर्खा सैनिकसम्म भर्ती हुनेहरू अवकाश भए पनि आएर मुकाम बनाउन थाले । घर धरानमा भए पनि खेतीपाती भने चारकोसे झाडीमुनि इटहरी र आसपासका तराई क्षेत्रमा हुन्थ्यो । २०४५ भदौ ५ गते आएको ६.७ रेक्टर स्केलको भूकम्पले सबैभन्दा धेरै ज्यान धरानमै गयो । ११६ जनाले धरानमा ज्यान जुमाए । भूकम्पको धराने दुःखान्तपछि लाहुरेहरूले धरानको सँधियारी इटहरीमा खेतीपाती मात्रै नगरेर बसोवास पनि गर्न थाले । इटहरीको तरहरा र इटहरीका अन्य क्षेत्रमा लाहुरेहरूले घर बनाएर बस्ने क्रम २०४५ सालको भूकम्पपछि मात्रै बढ्यो ।

संकटकाल

२०५८ मा देशमा संकटकाल घोषणा भयो । यसको असर इटहरीको बसाइसराइमा पऱ्यो । सरकारबाट असुरक्षित हुनेहरू जंगल पसेजस्तै माओवादीबाट असुरक्षित हुनेहरू सहर पस्न थाले । पूर्वमा सहर पस्नेहरूको सबैभन्दा ठूलो संख्या इटहरीमा आउन थाल्यो । नेपाली सेनाको पूर्वी पृतनादेखि सशस्त्र प्रहरीको मुख्यालय इटहरीमै भएकाले माओवादीसँग असुरक्षित हुनेहरूले इटहरीलाई सुरक्षित मान्न थाले । यसको प्रत्यक्ष प्रभाव २०५८ देखि २०६८ सम्मको अस्वाभाविक जनसंख्या वृद्धिले समेत देखाउँछ । २०५८ मा ४१ हजार दुई सय १० जनसंख्या भएकोमा २०६८ मा आउँदा एक लाख ४० हजार पाँच सय १७ पुग्यो ।

एक दशकमा झन्डै एक लाख जनसंख्या बढ्नुमा संकटकाल र माओवादी आन्दोलनको प्रमुख भूमिका छ । त्यही पृष्ठभूमिकै कारण इटहरीमा माओवादी बलियो राजनीतिक शक्ति हुन समस्या देखिएको छ । पहिलो संविधानसभामा छिमेकी धरानले माओवादी जिताउँदा इटहरीले नजिताउनु, पहिलो स्थानीय तहको चुनावमा माओवादीका मेयर उम्मेदवार चौथो हुनु, दोस्रो स्थानीय तहमा माओवादी शून्य हुनुदेखि अहिलेका इटहरी क्षेत्रमा पर्ने सुनसरी २ (क) र ३ (क) दुवैमा सत्तागठबन्धनको तर्फबाट माओवादीका प्रदेश सांसद उम्मेदवार हार्नुमा यही पृष्ठभूमिले महत्त्वपूर्ण काम गरेको छ ।

तराई तनाव

दोस्रो जनआन्दोलनपछि सुरु भएको मधेस आन्दोलन र तराईका सशस्त्र समूहको बिगबिगीले हालको प्रदेश २ का पहाडे समुदायहरू असुरक्षित महसुस गर्न थाले । उनीहरूको एक हिस्सा इटहरीमा आयो । इटहरीमा आएर उनीहरूले मुकाम बनाउन थाले । यसले गर्दा इटहरीको जनसंख्या र चहलपहल ह्वात्तै बढेर गयो । यसको फाइदा इटहरीका जग्गा कारोबारीहरूले बढी लिए ।

गाउँकी 'डाक्टर'



संगीत मगर
magarmanjhari@gmail.com
गाउँतिर



विष्णु 'डाक्टर' होइनन्, तर उनी ४० वर्षदेखि गाउँको सेवामा अहोरात्र क्रियाशील छिन्

गाउँ गतिशील छ, आफ्नै लयमा । गाउँको आफ्नै जिन्दगी, आफ्नै विश्वास र आफ्नै मान्यता छ । गाउँ सुन्दर छ शब्दहरूमा, तर सुनसान छ वास्तविकतामा । गाउँमा जन्मिएकाहरू पखेटा पलाएपछि जोकोही पुग्छन् सहरमा र फेरि सहरका पनि अझै ठूलो सहरका लागि हिँड्छन् ।

गाउँले अन्न जन्मायो, सहर पुग्छ । गाउँले शिक्षक जन्मायो, सहर पुग्छ । गाउँले जडीबुटी जन्मायो, सहर पुग्छ । गाउँले डाक्टर, कलाकर्मी जन्मायो, सहर पुग्छ । गाउँले जे जन्माउँछ, सबै त सहर पुग्छ । गाउँले कविता जन्माउँछ, गीत जन्माउँछ, कथा जन्माउँछ । तर, गाउँले आफूसँग राख्न जान्दैन ।

अनि सहर गएकाहरू बिर्सिदिन्छन् गाउँ जाने बाटो । कहीँ पुग्ने आशामा गाउँलाई छातीको भित्री कुनामा थन्काएर सहरको रफ्तारमा हुन्छन् मानिस ।

तर, विष्णु रोका गाउँमै बसिरहेकी छिन् ।

रोल्पाको माझिबाङ गाउँ मुख्य बजार सुलिचौरदेखि करिब २७ किलोमिटर टाढा पर्छ उनको थातथलो । गाउँको माथिल्लो खण्डमा बस्छिन् विष्णु रोका । माझिबाङ गाउँ चिनिने मुख्य त तीन कारण छन्, पहिलो, विष्णु रोकाको गाउँ । दोस्रो, मास्टर चन्द्र बुढाको गाउँ, जसले रोल्पाको जेल्बाङ गाउँमा जनयुद्धको नेतृत्व गरेका थिए । र तेस्रो, गुरिल्ला पदमार्गअन्तर्गत पर्ने गाउँ ।

जेल्बाङ परिपरि मात्र होइन, आसपासमा धेरैले चिनेको नाम हो विष्णु रोका । विष्णु रोका अर्थात् हाडजोर्नी फुत्किएको ठिक पार्ने गाउँकी डाक्टर । उनले उहिले काठको पुलबाट पार गरेको झाँक्री खोलामा अहिले झोलुंगे पुल आइसक्यो । उनले चढेको ओखरेनी छेडा अहिले गुरिल्ला ट्रेक भइसक्यो ।

पेवा गाउँ र माझिबाङको बीचमा एउटा ठूलो लेक छ लिगलिगे । माझिबाङबाट पेवा पुग्नलाई नाक छुने उकालोबाट चौपाती(लिगलिगे)उक्लिनुपर्छ र टाँपु गैरा पार गर्नुपर्छ । टाँपु गैरा डरलाग्दो जंगल हो, आकाश छोएको जस्तै देखिने गुई सिङ (खर्सुको बोट)ले टाँपु गैरा दिउँसै अँध्यारो हुन्छ ।

लिगलिगे पारिपट्टि पेवामा डाला (स्याउला) काट्ने वेला रुखबाट खसेर एकजनाको खुट्टा फुत्किएको रहेछ । ठिक पार्न विष्णुलाई बोलाइएको थियो । उनी त्यहीँ गएर फर्किदै थिइन् । त्यो बाटो तीन घन्टा टाढा र डरलाग्दो टाँपु जंगल भएकाले आउँदा साथी पनि लिएर आउनू भनिएको थियो । पहिले एक्लै हुँदा घना जंगल खोलाको डरलाग्दो खौंच आयो भने उनी डरले कान थुनेर कुदेर पार गर्थिन् । तर, अहिले उनलाई बोलाउँदा या त लिन मान्छे पठाइन्छ या साथी लिएर आउन भनिन्छ ।

यसपालि उनी छिमेकीलाई साथी बनाएर गएकी थिइन् । फर्किने वेला उनीसँगै फर्किने मौका पाएँ । टाँपु गैरा काप्ले मो(सिताके च्याउ) रुकन (खेरौले साग) र निगालोको तामा पाइने ठाउँ हो । हामीसँग यात्रा गर्नेमध्ये केही जंगल छिरे, च्याउ र सागको खोजीमा । म र विष्णु भने बाटैबाटो चौपाती उक्लियौँ । पेवाबाट हिँड्ने वेला रिमझिम पानी परिरहेको थियो । चौपाती उक्लँदा पानी फाटिसकेको थियो । हामी चौपातीमा बस्यौँ । खुट्टाका जुकालाई फाल्यौँ । चौपातीमा बसेर (मगर संस्कृतिअनुसार मृत्यु हुँदा घरका सदस्यले उनीहरूको सम्झनामा चौपाती बनाउने गर्दछन्, जहाँ बाटो हिँड्ने बटुवाले थकाइ मार्ने गर्दछन् ।) आफ्नो ६ दशक लामो उकाली-ओराली जिन्दगीको विगततिर एकैछिन पुगिन् ।

उनी बीस वर्षकी हुँदा भुमे राममा (अठार मगर समुदायमा असार लाग्दा भूमिको पूजा गरी नाचगान गरेर भव्य रूपमा मनाइने पर्व)पिडबाट खसेर उनको हातको जोर्नी फुत्कियो । जोर्नी एकपटक फुत्किएपछि जोड्ने तरिका नभिलेको खण्डमा र राम्रोसँग उपचार नगरेको खन्डमा फेरि-फेरि फुत्किने गर्छ । उनको यस्तै भइरहयो । त्यो ठिक पार्न ठूलो गाउँ अर्थात् जेल्बाङ भर्नुपर्थ्यो, जैसी बुढाको घरमा । माझिबाङबाट जेल्बाङ ओरालो बाटो एक घन्टामा झरिन्छ, तर उक्लिन दुई घन्टा लाग्छ । जेल्बाङ झर्ने र माझिबाङ उक्लिने भइरहयो । यसरी हिँडिरहँदा उनी थकित भइसकेकी थिइन् । त्यसपछि आफ्नो जोर्नी ठिक पारिदिने वेला उनले ध्यान दिएर हेर्न थालिन् ।

एकदिन डाला काटेर आउँदा चिप्लिएर उनको हात फेरि फुत्कियो । त्यसपछि आफैँले हिम्मत गरेर आफ्नो जोर्नी ठिक पार्ने कोसिस गरिन् । अचम्म ! ठिक पो भयो । तर, उनले कसैलाई भनिनन् । यस्तैमा एक दिन खोलामा गएको वेला बहिनी चिप्लेर लडिन् र उनको खुट्टाको जोर्नी फुत्कियो । सुरुमा त उनले बहिनीको खुट्टा ठिक पार्ने आँट गर्न सकिनन् । किनभने उनले यतिवेलासम्म अरूको जोर्नी ठिक गरेकी थिइनन् । उनले बहिनीको खुट्टा पनि ठिक ठाउँमा ल्याउने कोसिस गरिन् । त्यो पनि ठिक भयो । उनले बहिनीलाई यो कुरा कसैलाई नभन्नू भनिन् । किनभने उनलाई डर थियो । यदि मैले गर्न सकिनँ अथवा बिगारिदिएँ भने के होला ? तर यस्तो भएन । उनको उपचारकलाबारे बिस्तारै गाउँमा हल्ला हुन थाल्यो । त्यसपछि उनले बिस्तारै अन्य मानिसको पनि जोर्नी फुत्किएको ठिक पार्न थालिन् ।

एकपटक गाउँमै एकजनाको बंगारा फुत्कियो । अब के गर्ने ? अस्पताल धेरै टाढा ठियो । कि बुटवल कि दाङ लैजानैपर्थ्यो । त्यसमाथि एकदिनको बाटो बोकेर सुलिचौर झारेपछि बल्ल गाडी पाइन्थ्यो । र, गाडीबाट अस्पताल पुग्न पनि फेरि अर्को एकदिन लाग्थ्यो । गाउँलेहरू उनीकहाँ पुगे । एकपटक कोसिस गर्न अनुरोध गरे । तर उनले मानिनन् । किनकि उनले त्यसवेलासम्म हातखुट्टाका जोर्नी ठिक पारेकी त थिइन् तर बंगारा ? उनले त सोच्न पनि सकिनन् । तर, गाउँलेले उनलाई हिम्मत दिए । उनले कोसिस गरिन् र ठिक पनि भयो । फुत्किएको बंगारा पनि ठिक पारेपछि विष्णुको टाढा-टाढासम्म कुरा फैलियो ।

उनको काम त्यतिमा मात्रै सीमित भएन । गाउँमा जब कोही गर्भवती महिलाको बच्चा जन्मिन गाह्रो हुन्छ या बच्चा उल्टो बस्छ, तब उनैले ठिक बनाइदिन थालिन् । कोही बच्चा जन्मिएर साल अड्कियो भने पनि उनैले उपचार गरिदिन्छिन् । उनले मान्छे मात्र होइन, गाई, बाख्रा, घोडा सबै जनावरको जोर्नी फुत्किएको पनि ठिक पार्ने गर्छिन् । उनले काम गर्दै जाँदा सिक्दै गइन् । उनलाई नयाँ-नयाँ समस्याले नयाँ-नयाँ ज्ञान थपिदियो । अहिले त उनका हातहरू अभ्यस्त भइसके ।

हातैले छामेर कहाँनेरको जोर्नी फुत्किएको हो थाहा पाइहाल्छिन् । नसा चुँडिएको, मेरुदण्ड बाँचिएकोबाहेक शरीरको जुनसुकै भागको जोर्नी फुत्किएको भए पनि उपचार गर्न उनी सक्षम छिन् ।

टाढा-टाढाबाट समेत उनलाई बोलाइन्छ । उनी यातायात पुगेको ठाउँमा बाइक, गाडी र यातायात नपुगेको ठाउँमा पैदल नै हिँडेर पुग्छिन् । आफ्नो पारिश्रमिक तोकेकी छैनन् । आफूले ठिक पारेका बिरामीले जबर्जस्ती उनलाई केही नगद वा जिन्सी दिन्छन्, उनी त्यो स्वीकार गर्छिन् । जो हिँड्न सक्दैनन्, तिनका लागि उनी घरघरै पुगेर उपचार गर्छिन् । हिँड्न सक्नेहरू उनकै घरमा आइपुग्छन् । टाढा-टाढाबाट आएकालाई उनले आफ्नै घरमा गाँसवास दिएर उपचार गरिदिन्छिन् । घरमा मकै आलु जे छ, पकाएर खुवाउँछिन् र ठिक बनाएर मात्रै पठाउँछिन् ।

लाखौँ खर्च गरेर हस्पिटलमा ठिक नभएका बिरामी पनि उनीकहाँ पुग्ने गर्छन् । जब त्यस्ता बिरामी ठिक गर्छिन्, उनलाई साह्रै खुसी लाग्छ । बिरामी र बिरामीका आफन्त उनलाई धन्यवाद दिँदै बिदा हुन्छन् ।

जंगलमा पाइने कुनचाहिँ रुख, जरा, पातले कुन रोग निको पार्छ भन्ने विष्णुलाई थाहा छ । उनी आफ्ना बिरामीलाई आफैँले तयार पारेको जडीबुटी दिने गर्छिन् । उनलाई लाग्छ, हाम्रो जीवन प्रकृतिसँग जोडिएको छ । हरेक समस्याको समाधान पनि प्रकृतिसँगै छ । उनी वरिपरिका पहाड देखाउँदै भन्छिन्, 'यो पहाड मात्र होइन, जीवन हो । यहाँ हामीले खाने चिजहरू छन् । यो जंगलभित्र जडीबुटी छ । त्यो जडीबुटीले रोग निको हुन्छ । यो जंगललाई छोएर चल्ने हावाले जडीबुटी छोएको हुन्छ । हामीले लिने हावामा पनि

> जंगलमा पाइने कुनचाहिँ रूख, जरा, पातले कुन रोग निको पार्छ भन्ने विष्णुलाई थाहा छ । उनी आफ्ना बिरामीलाई आफैँले तयार पारेको जडीबुटी दिने गर्छिन् । उनलाई लाग्छ, हाम्रो जीवन प्रकृतिसँग जोडिएको छ । हरेक समस्याको समाधान पनि प्रकृतिसँगै छ ।

जडीबुटी छ ।' चौपाती मुन्तिर फुलेको गुराँस देखाउँदै भनिन्, 'जेठ हेरेको गुराँस (जेठमा फुलेको गुराँस) पखालाको औषधि हुन्छ ।' टाँपु गैरा देखाउँदै भनिन्, 'यहाँ बँडेल र रतुवा बाघ हिँड्छ । यो जंगलको च्याउमा जडीबुटी मिसिएको हुन्छ ।' यसैले च्याउहरू महँगोमा बिक्न थाल्यो । यहाँको च्याउ साग र जडीबुटी बिक्री हुन थालेपछि मान्छेहरू डोको बोकेर खोज्न आउँछन् र टिपेर बिक्री गर्छन् । निश्चित समयमा र बिउ रहने गरी टिपेको भए त ठिकै हुन्थ्यो, तर मान्छेहरूले जरै उखेलेर बिउ पनि नरहने गरी टिप्छन् । यसैले अहिले यहाँ पहिलेजस्तो च्याउ, तामा र जडीबुटी पाइँदैन । सिकार भने रोकिएको हुनाले यो बाटो एक्लै हिँड्न जनावरको डर रहन्छ ।

विष्णुका लागि न दिन हुन्छ, न रात । न वर्षा हुन्छ, न जाडो । राति कोही बिरामी परे टर्च बालेर हिँड्छिन् । वर्षामा कोही बिरामी परे प्लास्टिक ओडेर हिँड्छिन् । खोलामा बाढी आयो भने टाढाको पुलबाट तर्छिन् । तर, उनी बिरामी भएको ठाउँमा जसरी पनि पुग्छिन् । टर्च गाउँमा नआइपुगेको वेला उनी बाङ(राँको)बालेर रात-विरात हिँडेर उपचार गर्न पुग्थिन् । युद्धको वेला उनले टर्च बाल्न पाइनन् । त्यसवेला हातले बाटो छाम्दै पनि बिरामी भएको ठाउँमा पुगिन् ।

विष्णु रोल्पा मात्र होइन, छिमेकी सबै जिल्लामा पुगेकी छिन् । उनको यही क्षमता, समर्पण देखेर एकपटक जापानी डाक्टरहरूको टोलीले आफूहरूसँगै नेपालका ग्रामीण भेगहरूमा उपचार गर्दै हिँड्ने प्रस्ताव पनि राखे । तर, उनले सीधै अस्वीकार गरिन् । किनभने उनलाई लाग्छ, उनले यहीँ गाउँको सेवा गर्नुपर्छ । गम्भीर हुँदै भन्छिन्, 'म जाउँला रे ! यहाँभन्दा धेरैको सेवा पनि गर्न पाउँला रे ! तर, यदि म गएँ भने मेरो गाउँलेको उपचार गरिदिने को हो त ? म नगए पनि उनीहरूले त अरू पाइहाल्छन् नि ! तर, मेरो गाउँलेको उपचार गरिदिने कोही हुँदैन । यसैले जान मानिनँ ।'

उनलाई थाहा छैन, ईश्वर कसरी पुजिन्छ । तर, उनलाई ब्रह्माण्डको एउटा अदृश्य शक्तिमा विश्वास लाग्छ । त्यो 'भगवान्' नै हो भनेर त मान्दिनन् तर उनलाई विश्वास लाग्छ । उनको विश्वास छ- सही कर्म गऱ्यो भने सही फल मिल्छ । उनको जीवन दर्शनले भन्छ, कोसिस गर्नेहरू र असल कर्म गर्नेहरू सन्तुष्टिको जिन्दगी बाँच्छ । फेरि उनी थप्छिन्, 'केही शक्ति पक्कै छ होला । उसैले मलाई यही कर्म गर्न पठायो । कतिको जोर्नी फुत्किन्छ । जोर्नी फुत्किने जति सबै मजस्तै किन हुन सकेनन् ? किनभने ब्रह्माण्डले मलाई यही कर्म गर्न पठाको त होला नि ।'

विष्णु अहिले ६० वर्ष पूरा भइसकेकी छिन् । उनको इच्छा छ, यही गाउँमा बस्ने, छेउमा सुसाएको खोला सुन्ने, भुर्तीबाङमा कराउने चराको चिरबिर सुन्ने, नाबाङबाट ल्याएको छिप्पिएको मङ्ज्यारको लट्ठी टेक्दै ८० वर्षसम्म गाउँलेको सेवा गर्ने ।

विष्णुको अर्को पनि इच्छा छ । अब उनीसँग समय कम छ । दुनियाँबाट बिदा हुनुअघि आफूसँग भएको ज्ञान अरूलाई हस्तान्तरण गर्ने उनको सपना छ, ताकि आफ्नो अनुपस्थितिमा गाउँलेले दुःख नपाऊन् । हिजोआज आफूसम्म आइपुगेका हरकोहीमा उनी अर्को विष्णु रोकाको खोजी गरिरहेकी हुन्छिन् ।

पैसा-तन्त्र



राधिका कल्पित
gautamradhika2000@gmail.com
कविता

पैसा बनाउनेहरू
प्राकृतिक पाठशाला भत्काएर
जेल बनाउनेहरू हुन् !

बेच्नका लागि किन बनाइन्छ अफिम ?
नाफाका लागि किन बनाइन्छ निकोटिन ?
पैसाका लागि
किन खोलिन्छ वेश्यालयहरू ?

यो खुनी पैसाले
दलाली बजारको निर्माण गऱ्यो
किल्ला र पर्खाल खडा गऱ्यो
पद र पावर बनायो
प्रेमलाई विनिमय गऱ्यो
सम्बन्धलाई 'इन्स्ट्यान्ट नुडल्स' बनाइदियो
सन्तान र रेमिट्यान्सबीच 'बार्टरसिस्टम' चलाइदियो !

पैसाले अवमूल्यन गरेको छ गुरु-महिमाको
पैसाले अवरोपण गरेको छ ज्ञानको गरिमाको !

बजारसँग अवैध सम्बन्ध राखेर
पेसेवर पैसाले जन्मायो
राजा र रैती
श्रमिक र मालिक
घरधनी र डेरावाल
गाडीवाल र रिक्सावाल
फर्स्ट वर्ल्ड र थर्ड वर्ल्ड !

पैसाको कर्म कालो
पैसाको मन मैलो
पैसाको बैँस बिटुलो
पैसाको व्यहोरा बेसोमत
पैसाको नजर नजाती
पैसाको सोच संकीर्ण !

नर- सिकार गर्थ्यो
नारी- जम्मा गर्थी
नर -जमिन खन्थ्यो
नारी- कन्दमूल खोज्थी
पैसाले 'बजार' बनाइदियो- स्त्रीको शरीरलाई
लिलामीको सेयर बनाइदियो- दैहिक सौन्दर्यलाई ।

'स्टाइकर' बनेर आफू
चलाइरहयो पुँजीवादका गोटीहरू
खेलिरहयो
जेन्डर र रेस
राज्य र राजनीति
यान्त्रिकीकरण र ध्रुवीकरण
मिसाइल र क्षेप्यास्त्रका
अनन्त 'अनफेयर गेम'

पैसाका गुलामीहरू हुन्-
देशान्तर र अक्षांश खिच्नेहरू
मंगल र चन्द्रमा हडप्नेहरू
जमिन, जल, वायु आकाश भागबन्डा गर्नेहरू
बिउ, वनस्पति, किटपतंग अंशबन्डा गर्नेहरू !

मुर्दावाद पैसा बनाउनेहरू !

म सहन सकिरहेको छैन हेर्न
भ्रूणहत्या
नश्लनाश
छालातन्त्र
छाडातन्त्र !

मलाई अस्वीकार्य छ यो बजारतन्त्र
मलाई प्रिय छ प्राकृतिक प्रेममन्त्र !

'कु' सधैँ सडकमा तोप गुडाएर मात्र गरिँदैन

हामी इजरायली ज्याद्रा र स्वच्छन्द छौँ ।
हामीलाई आजसम्म कसैले मौन राख्न सकेको छैन ।
हामी इजरायललाई एक तानाशाहीमा परिणत हुन दिनेछैनौँ ।



हामी (इजरायली) ऐतिहासिक संकटमाझ छौँ, जसले हामीमा आक्रोश वा घृणाको भावना होइन, त्रसित बनाइरहेको छ । हामी भयभीत छौँ । रातमा निद्रा लाग्न छाडेको छ । सरल भाषामा भन्दा हामी आतंकित छौँ । जे भइरहेको छ, त्यो सही भइरहेको छैन । इतिहासका कैयौँ घडीमा डर सबैभन्दा उपयुक्त प्रतिक्रिया हुने गर्छ । इतिहासमा यस्ता क्षण आउँछन्, जब डर हामीलाई क्रियाशील गराउन आवश्यक पर्छ । आज हामीसँग डराउने त्यस्तै कारण आइपरेको छ र सँगै हामीसामु क्रियाशील हुने उत्कृष्ट कारण पनि छ । कुनै भ्रम नहोस् कि वर्तमान इजरायली सरकारले जे गर्दै छ, त्यो न्यायिक सुधार होइन, प्रजातन्त्रविरुद्धको 'कु' हो ।



युभल नोआ हरारी
बहस

'कु' खासमा ठ्याक्कै यस्तै हुन्छ । 'कु' सधैँ सडकमा तोप गुडाएर मात्र गरिँदैन । इतिहासका धेरै 'कु' हरू बन्द कोठाभित्र कागज र कलमको सहाराले पनि गरिएका छन् । र, आममानिसले ती कागजमा लेखिएका कुरा बुझ्दासम्म प्रतिरोधका लागि धेरै ढिला भइसकेका घटना धेरै छन् ।

इतिहासमा यस्ता धेरै मानिस भेटिन्छन्, जसले वैध माध्यमबाट सत्तामा आएर पछि तानाशाही लादेका छन् । यस पुरानो रणनीतिअनुसार पहिले कानुनी रूपमा सत्ता हासिल गरिन्छ, त्यसपछि त्यो शक्तिलाई कानुन बदल्न प्रयोग गरिन्छ ।

राम्ररी हेर्ने हो भने वर्तमान इजरायली सरकारले सदनमार्फत ल्याउन लागेको कानुनको अर्थ स्पष्ट हुन्छ (जुन कुरा बुझ्न कानुनमा विद्यावारिधि गरेको हुनुपर्दैन), यदि यी कानुन पारित भए भने सरकारले नागरिक स्वतन्त्रता पूर्ण नष्ट गर्ने शक्ति हासिल गर्नेछ । इजरायलको १२० सदस्यीय सदनको साधारण बहुमत (६१ सदस्य)ले कुनै पनि नश्लीय, शोषणकारी र लोकतन्त्रविरोध कानुन पास गर्ने बाटो खुल्नेछ । त्यति नै संख्याले चुनावी प्रणाली बदल्न सक्छ । परिणामस्वरूप सत्ता बदल्ने जनताको शक्ति निस्तेज बन्न सक्छ । 'कु'का नेताहरूलाई नयाँ परिवर्तनपछि सरकारको शक्तिलाई के कुराले सन्तुलन राख्छ र आधारभूत मानवअधिकार केले रक्षा गर्छ भन्ने प्रश्न गर्दा एउटै उत्तर दिइरहेका छन्- हामीलाई विश्वास गर्नुस् । जसले आम इजरायलीलाई विश्वास गरिरहेका छैनन्, जसले ७५ वर्षदेखि इजरायली समाजलाई बाँधिराखेको सामाजिक सम्झौतालाई च्यात्दै छन्, उनै प्रधानमन्त्री नेतन्याहु, न्यायमन्त्री लेभिन, संसदीय समितिका अध्यक्ष एमके रोथम्यानहरू कसरी हामीले उनीहरूलाई विश्वास गरिदिनुपर्ने आशा गर्दै छन् ?

> अहिलेको समय इजरायली नागरिकका लागि ऐतिहासिक परीक्षणको समय हो र यसमा हामी हार्‍यौँ भने हामीले दोस्रो अवसर पाउँदैनौँ । हामीले अहिले शिर ठाडो बनाउनुपर्छ, अन्यथा जीवनभर शिर झुकाएर बस्नुपर्छ ।

हामी यी नेतालाई विश्वास गर्दैनौँ, किनकि तिनको कुत्सीत चाहना हामीलाई राम्ररी थाहा छ । उनीहरू असीमित शक्ति चाहन्छन् । उनीहरू हामीलाई चुप लागेर तिनले भनेजसरी बाँच्नुपर्ने चाहना राख्छन् । हामीले के खाने, के लगाउने र के सोच्नेदेखि कोसँग विवाह गर्ने भन्ने कुरासमेत यी नेता निर्देशित गर्न चाहन्छन् । तर, ती नेताले आफूहरूले कोसँग जोरी खोजिरहेका छौँ भन्ने भेउ पाएका छैनन् । इजरायलीहरू दास बन्न त्यति उपयुक्त कच्चापदार्थ होइनन् । हामी इजरायली ज्याद्रा र स्वच्छन्द छौँ । हामीलाई आजसम्म कसैले मौन राख्न सकेको छैन । हामी इजरायललाई एक तानाशाहीमा परिणत हुन दिनेछैनौँ ।

त्यसो भए आगामी साता के हुनेछ ?

उनीहरूले आफ्ना तानाशाही कानुन पास गर्ने प्रयास गर्नेछन् । उनीहरू हामीलाई 'अराजक' र 'देशद्रोही' भनिरहनेछन् । हुन सक्छ प्रतिरोध दबाउन विषम कारबाही सुरु गर्न सक्छन् । तर, हामी आफ्नो प्रदर्शन जारी राख्नेछौँ । हामी प्रदर्शनमार्फत सर्वोच्च अदालतका न्यायाधीहरूको पक्षमा लोकप्रिय समर्थन रहेको सुनिश्चित गर्नेछौँ, ताकि तानाशाही कानुन खारेज गर्ने तिनको दृढता कमजोर नहोस् । तर, यदि सरकारले सर्वोच्च अदालतको आदेश स्विकारेन भने के हुन्छ ? त्यसपछि हामी संवैधानिक संकटमा प्रवेश गर्नेछौँ । संवैधानिक संकट एक अराजक स्थिति हो, जहाँ कुनै स्पष्ट नियम र कानुन हुँदैन । त्यसपछि प्रहरीले कसको आदेश मान्ने- सरकारको कि अदालतको ? सिन बेट (इजरायलको आन्तरिक सुरक्षा निकाय) र मोसाद(इजरायली जासुसी निकाय)ले कोबाट आदेश लिन्छन् ? इजरायली सुरक्षा फौजले कसलाई मान्नेछ ? र, सबैभन्दा महत्त्वपूर्ण प्रश्न नागरिकले के गर्नेछन् ? मतसर्वेक्षणले स्पष्ट गरेका छन्- बहुसंख्यक इजरायलीहरूले यो सरकारको गलत कामको विरोध जनाउनेछन् । तर, मतसर्वेक्षणले तानाशाहीलाई रोक्दैन ।

इतिहासले भन्छ- हरेक प्रजातान्त्रिक मुलुकको अन्तिम र सबैभन्दा महत्त्वपूर्ण सुरक्षा घेरा नागरिक हो । प्रजातन्त्र एक आदर्श हो, जसअनुसार नागरिकले सरकारका निर्णयको सम्मान गर्नुपर्छ, तर एक सर्तमा- सरकारले तिनको आधारभूत स्वतन्त्रताको सम्मान गर्नुपर्छ । जब कुनै एक पक्षले यो सम्झौता तोड्छ, अर्को पक्षले तिनको जिम्मेवारी पूरा गरिरहनुपर्दैन । जब सरकारले तानाशाही लाद्न खोज्छ, नागरिकलाई प्रतिरोध गर्ने अधिकार हुन्छ । अहिलेको समय इजरायली नागरिकका लागि ऐतिहासिक परीक्षणको समय हो र यसमा हामी हार्‍यौँ भने हामीले दोस्रो अवसर पाउँदैनौँ ।

हामीले अहिले शिर ठाडो बनाउनुपर्छ, अन्यथा जीवनभर शिर झुकाएर बस्नुपर्छ । हामीले अहिले आफ्नो आवाज उठाउनुपर्छ, अन्यथा हामीले बाँकी जीवन मुख खोल्न पाउनेछैनौँ । यो प्रदर्शन, आवाज उठाउने र खडा हुने समय हो । म एक विश्वविद्यालयका प्राध्यापकका रूपमा अहिलेको प्रजातन्त्रविरोधी 'कु' जारी रहेसम्म इजरालयमा सबै प्राज्ञिक संस्थान हडतालमा राख्ने पक्षमा छु । निश्चित रूपमा हामीले हाम्रा विद्यार्थीलाई यस कठिन समयमा सहयोग दिन छाड्नुहुँदैन । अहिले सबै नियमित कोर्स रोकेर प्रजातन्त्र, मानवअधिकार र स्वतन्त्रताबारे पढाउने वेला हो । औपचारिक हडताल गर्न कठिनाइ भोग्ने इजरायलीले आदेश बेवास्ता गर्ने सिर्जनशील उपाय पहिल्याउनेछन् भन्नेमा म विश्वस्त छु । हामी सबैले प्रजातन्त्रविरोधी 'कु'विरुद्ध सानो प्रतिरोध जाहेर गर्न सक्छौँ ।

अन्तिममा एक आम इजरायलीका हिसाबमा म सर्वोच्च अदालतका मुख्य न्यायाधीश एस्थर हायुत र महान्यायाधिवक्ता गाली बाहरभलाई केही व्यक्तिगत आग्रह गर्न चाहन्छु । इजरायलको इतिहासमा सबैभन्दा कठिन र महत्त्वपूर्ण काममा तपाईंहरूलाई विश्वास गरिएको छ । यो एक गहन जिम्मेवारी हो र साथमा एक ठूलो सम्मान पनि हो । तपाईंहरूका सामु इतिहास बनाउने क्षण आएको छ । विनाकुनै संकोच र विनाकुनै हिचकिचाहट हाम्रो स्वतन्त्रता रक्षा गरिदिनुस् । राष्ट्रपति हरजोग र विपक्षी दलका प्रमुखहरू हाम्रो स्वतन्त्रताको रक्षा गरिदिनुस् । यसमा कुनै सम्झौता नगरिदिनुस् । बाघले आक्रमण गर्दा आधा मात्रै खाइदिएर बाँकी छाडिदिने खालको सम्झौता गर्न सकिँदैन ।

इजरायली डिफेन्स फोर्सका रिजर्भ सैनिकहरू ! तपाईं यी तानाशाहीको सेवा नगर्नुस् । तपाईंको करार इजरायली लोकतन्त्रसँग हो, तिनको पतनकर्तासँग होइन । इजरायली डिफेन्स फोर्स, सिन बेट, मोसाद र इजरायली प्रहरीले कठिन स्थितिमा सही विकल्प चयन गरिदिनुस् । तपाईंको नाम इतिहासमा नागरिकको रक्षकको रूपमा रहोस् नकि तानाशाहीको सेवकको रूपमा । र, अन्तिममा नेतन्याहु, लेभिन, रोथम्यान र तिनका सहकर्मीलाई स्पष्ट सन्देश प्रेषित गर्न चाहन्छु, तपाईंहरूको ६४ सदस्य सिट हुनुको अर्थ जहाँ पनि हात हाल्न छुट छ भन्ने होइन । हाम्रो स्वतन्त्रतालाई मुठ्ठीमा कस्नेबारे सोच्दा पनि नसोच्नुस् । 'कु'लाई रोक्नुस्, अन्यथा हामी मुलुकलाई ठप्प पार्नेछौँ ।

(इजरायली सरकारले न्यायिक प्रणालीमा गर्न लागेको फेरबदलको विरोधमा शनिबार (मार्च ४) प्रदर्शन भएको थियो । उक्त प्रदर्शनमा हिब्रु युनिभर्सिटी अफ जेरुसलेमका इतिहास विभागका प्राध्यापक युभल नोआ हरारीले सम्बोधन गरेका थिए । सोही सम्बोधनको सम्पादित अंश 'द गार्जियन'बाट श्रवण उप्रेतीले अनुवाद गरेका हुन् ।)

अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार २७ फागुन ०७९

अनुदानमा आधारित सहुलियतपूर्ण कर्जा प्रवाह अघोषित रूपमा स्थगित

सरकारसँग पैसा नभएपछि सहुलियतपूर्ण कर्जाको ब्याज अनुदान भुक्तानी पनि ठप्प

मिलन विश्वकर्मा/नयाँ पत्रिका



सात वर्षअघि सुरु गरिएको ब्याज अनुदानमा आधारित सहुलियतपूर्ण कर्जा प्रवाह अघोषित रूपमा स्थगित भएको छ। सरकारले अनुदानबापतको ब्याज रकम दिन नसक्ने अवस्था सिर्जना भएपछि बैंक तथा वित्तीय संस्थाहरूले अघोषित रूपमा नयाँ सहुलियतपूर्ण कर्जा प्रवाह गर्न रोकेका हुन्।

सरकारले विनियोजन गरेको रकमले नयाँ कर्जाको ब्याज अनुदान भुक्तानी गर्न नपुग्ने भएपछि तत्काललाई सहुलियतपूर्ण कर्जा रोकिएको नियामक निकाय नेपाल राष्ट्र बैंकका प्रवक्ता डा. गुणाकर भट्टले पनि स्वीकार गरे। सरकारले चालू आर्थिक वर्ष ०७९/८० मा सहुलियतपूर्ण कर्जाको अनुदानका लागि करिब १३ अर्ब रुपैयाँ छुट्याएको छ। तर, यो रकम हालसम्म प्रवाहित कर्जा (दुई खर्ब ६१ अर्ब २५ करोड रुपैयाँ)को ब्याज अनुदान भुक्तानी गर्नमै ठिक्क हुन्छ।

नयाँ कर्जा प्रवाह भएमा अनुदानका लागि सरकारले थप रकम छुट्याउनुपर्ने हुन्छ। तर, पछिल्लो समय बजेट घाटा व्यहोर्दै आएको सरकारलाई चालू खर्च धान्नसमेत मुस्किल भइरहेको छ। यस्तो अवस्थामा सरकारबाट अनुदानकै लागि थप रकम निकासी हुने अवस्था छैन। त्यसैले बैंक तथा वित्तीय संस्थाहरू आफैंले चतुरतापूर्वक सहुलियतपूर्ण कर्जा प्रवाह रोकेका हुन्।

सरकारको ब्याज अनुदानमा बैंक तथा वित्तीय संस्थाहरूले ०७२ देखि सहुलियतपूर्ण कर्जा प्रवाह गर्दै आएका छन्। तत्कालीन समयमा कृषि क्षेत्रमा मात्रै सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने व्यवस्था गरिएको थियो। तर, ०७५ मा नेपाल राष्ट्र बैंकले सहुलियतपूर्ण कर्जासम्बन्धी कार्यविधि ल्याएर विभिन्न सातवटा शीर्षकमा यस्तो कर्जा दिने व्यवस्था गरेको थियो।

सहुलियतपूर्ण कर्जा कार्यक्रम प्रभावकारी कार्यान्वयनमा आउन नसकेपछि राष्ट्र बैंकले कार्यविधि संशोधन गर्दै वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरूलाई अनिवार्य रूपमा सहुलियतपूर्ण कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गऱ्यो। बैंक तथा वित्तीय संस्थाका सबै शाखा कार्यालयले नै सहुलियतपूर्ण कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरेपछि यस्तो कर्जा बढ्दै गएको थियो। तर, अहिले सरकारले अनुदान रकम दिन नसक्ने अवस्था भएपछि सहुलियतपूर्ण कर्जा प्रवाह अघोषित रूपमा रोकिएको हो।

यद्यपि, बैंकहरूले यसबारे औपचारिक रूपमा अभिव्यक्ति भने दिएका छैनन्। राष्ट्र बैंकका प्रवक्ता भट्टले भने सहुलियतपूर्ण कर्जा प्रवाह तत्काललाई रोकेको बताए। चालू आवमा सरकारले छुट्याएको रकम यसअघिकै कर्जाको ब्याज अनुदान भुक्तानी गर्न ठिक्क हुने देखिएपछि यस्तो निर्णय गरेको उनको भनाइ छ।

'अहिले सरकारको आम्दानीभन्दा खर्च बढी छ, सरकारलाई चालू खर्च धान्नसमेत धौधौ परिरहेको छ। यस्तो अवस्थामा अनुदानकै लागि थप रकम विनियोजन हुने अवस्था पनि छैन,' प्रवक्ता भट्टले भने, 'अहिले जबर्जस्ती कर्जा प्रवाह गरिहाले पनि भोलिका दिनमा राज्यले अनुदान दिन सकेन भने झन् समस्या हुन्छ। त्यसैले अहिलेलाई सहुलियतपूर्ण कर्जा प्रवाह अनिवार्य गरिएको छैन, बैंकले आफैं संयमित भएर कर्जा प्रवाह रोकेको अवस्था छ।' यद्यपि, यसबारे औपचारिक घोषणा भने नगरेको उनको भनाइ छ।

अब यो कार्यक्रम कसरी अगाडि बढ्छ भन्ने विषय आगामी आर्थिक वर्षको बजेटले निर्धारण गर्ने भट्टको भनाइ छ। 'सरकारले अनुदान दिए यो कार्यक्रम अहिले नै अघि बढाउँछौं। तर, अहिले सरकारबाट थप अनुदान पाउने अवस्था छैन,' उनले भने, 'यसमा राष्ट्र बैंकको निर्णायक भूमिका पनि हुँदैन, राष्ट्र बैंक कार्यान्वयन गर्ने निकाय मात्रै हो।'

सहुलियतपूर्ण कर्जाको विषयमा छुट्टै अध्ययन तथा पुनर्विचार गर्नुपर्ने समय आएको भट्टले बताए।

'यसरी सर्धैभरि अनुदानमा कर्जा प्रवाह गरेर मात्रै हुँदैन, अनुदानमा दिइएको कर्जाको सदुपयोग भएको छ कि छैन ? त्यसबारे गहिराइमा अध्ययन तथा अनुसन्धान गर्नुपर्नेछ,' उनले भने, 'यस्तो अनुदानलाई सरकारले कहिलेसम्म धान्छ भन्ने पनि बहसको विषय हो।' हालसम्म सरकारले यस्तो कर्जामा झन्डै २० अर्ब रुपैयाँ अनुदान दिइसकेको छ। तर, कृषिजन्य वस्तु, खाद्य वस्तुलगायतको आयात घट्नुको साटो उल्टै बढिरहेको हुँदा समग्रमा कर्जाको प्रभाव खासै नदेखिएको उनको भनाइ छ।

सहुलियतपूर्ण कर्जामा बैंकहरूले आफ्नो आधार दरमा दुई प्रतिशत विन्दु प्रिमियम थप गरेर ब्याजदर निर्धारण गर्छन्। त्यसअन्तर्गत सरकारले महिला उद्यमशील कर्जाको ब्याजदरमा ६ प्रतिशत विन्दु र अन्य कर्जाको ब्याजदरमा ५ प्रतिशत विन्दुका दरमा अनुदान दिने गर्छ। त्यसमा ऋणीले सरकारबाट प्राप्त अनुदान ब्याज कट्टी गरेर बाँकी ब्याज तिर्नुपर्छ। हाल विभिन्न १० शीर्षकमा यस्तो कर्जा प्रवाह गर्न सकिने व्यवस्था छ। त्यसमा शीर्षकअनुसार न्यूनतम दुई लाख रुपैयाँदेखि अधिकतम पाँच करोड रुपैयाँसम्म कर्जा प्रवाह गर्न सकिन्छ।

राष्ट्र बैंकको तथ्यांकअनुसार बैंकहरूले गत असोजयता सहुलियपूर्ण कर्जाको ब्याज अनुदान रकम पाएका छैनन्। असोज मसान्तसम्म ब्याज अनुदानबापत बैंक तथा वित्तीय संस्थाहरूलाई कुल १९ अर्ब ८१ करोड २३ लाख रुपैयाँ भुक्तानी गरिएको थियो। चालू आवमा मात्रै दुई अर्ब ८४ करोड ३८ लाख रुपैयाँ भुक्तानी भएको छ। तर, असोजपछि पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरूलाई यसबापतको थप रकम भुक्तानी नगरिएको राष्ट्र बैंकको तथ्यांकमा उल्लेख छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

त्रुटि नभेटिएपछि श्री एयरलाइन्सको उडान फुकुवा

काठमाडौं/ श्री एयरलाइन्सको जहाजमा प्राविधिक परीक्षण गर्दा कुनै त्रुटि (कैफियत) फेला नपरेपछि नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले उडानमा लगाएको प्रतिबन्ध फुकुवा गरेको छ। श्रीले शनिबारदेखि सबै गन्तव्यमा पुनः नियमित उडान गर्नेछ।

बिहीबार काठमाडौंबाट भैरहवातर्फ उड्ने क्रममा ड्यास क्यू४०० जहाजको इन्जिनबाट 'फायर वार्निङ' आएपछि क्यानले श्रीका सबै जहाज ग्राउन्डेड गरेर प्राविधिक जाँच सुरु गरेको थियो। प्रतिबन्धकै कारण शुक्रबार श्रीले कुनै पनि गन्तव्यमा उडान गर्न पाएन। नियमनकारी निकायको विज्ञ प्राविधिक टोलीले चेकजाँच गर्दा श्रीका सबै जहाजहरू उडानयोग्य रहेको भेटिएको क्यानका सूचना अधिकारी ज्ञानेन्द्र भुलले बताए।

'श्रीका सबै जहाजमा कुनै सिग्निफिकेन्ट कन्सर्न देखिएन, सबै जहाजको उडान प्रतिबन्ध फुकुवा गरिदिएका छौं,' भुलले भने। इन्जिनमा आगो देखिएर ग्राउन्डेड गरिएको जहाजमा पनि प्राविधिक समस्या हल भइसकेको हुँदा उडानका लागि फुकुवा गरिसकेको उनले बताए। तर, उक्त जहाज चेकजाँच गरी उडानका लागि योग्य ठहरेका श्रीकै दुईजना इन्जिनियरको भने प्रतिबन्ध फुकुवा गरिएको छैन। 'इन्जिनियरले चेकजाँच गरेर ठीक भनेको जहाजमा उड्नेबित्तिकै आगो लागेको छ,' उनले भने, 'यसमा इन्जिनियरको लापरबाही देखिन्छ, उनीहरूमाथि थप छानबिन गरेर निर्णयमा पुग्छौं।'

रिलायन्स फाइनान्स लि. को कर्जा चुक्ता गर्ने तथा धितोमा रहेका अचल सम्पत्तिको लिलाम बिक्रिका लागि १५ दिने शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मितिः २०७९/११/२७)

यस वित्तीय संस्थाबाट कर्जा कारोबार गर्ने तपशिल बमोजिमको विवरणका ऋणीले यस वित्तीय संस्थासंगका शर्त कबुलियत लिखत बमोजिम कर्जा नतीरी नबुझाई बक्यौता राख्नु भएकोले पटक पटक लिखित, मौखिक तर ताकेता एवं सार्वजनिक पत्रिकामा सूचना प्रकाशित गर्दा समेत कर्जा हिसाब फरफारक नगरेकोले यो सुचना प्रकाशित गरीएको छ। यो सुचना प्रकाशित गरेको मितिले १५ दिन भित्र कर्जा हिसाब फरफारक गर्न गराउन ऋणी, धितो दिने र व्यक्तिगत धन जमानी दिने समेतलाई यसै सुचनाद्वारा सुचित गरिन्छ। उक्त म्याद भित्र पनी कर्जा हिसाब राफसाफ नभएमा बैंक तथा वित्तिय संस्था सम्वन्धि ऐन २०७३ ले दिएको अधिकार तथा ऋणी संगका कानुनी लिखतका आधारमा सो कर्जा वापत राखेको धितो जायजेथा लिलाम बिकी गरि लेना असुल उपर गरीने र सो बाट नपुग भएमा ऋणी र धितो जमानी दिनेको अन्य जायजेथा समेतबाट असुल उपर गर्न आवश्यक कानूनी कार्यवाही अगाडी बढाइने व्यहोरा समेत सुचित गरिन्छ। साथै ऋणी व्यक्तीगत धन जमानीकर्ता तथा धितो जमानत दिनेलाई समेत कर्जा सुचना केन्द्रको कालो सुचिमा राख्नका लागी लेखि पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। ऋणीले सो म्यादमा कर्जा हिसाब राफसाफ नगरेमा लेखाई दिएको तपशिल बमोजिमको जायजेथा १६औं दिनमा लिलाम बिकी गरिने हुनाले यो सूचना प्रकाशित भएको १५ दिन भित्र तपशिलका शर्तका अधिनमा आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी पेश गर्न हुन समेत सर्वसाधारणमा आह्वान गर्दछौं। सो जेथा लिलाम बिकी नभएमा वित्तीय संस्था आफैले सकार गरि लिन सक्नेछ।

तपसिल

ऋणीको विवरण	धितोको विवरण	व्यक्तिगत धन जमानी दिनेको विवरण
नामः रावत एग्रीकल्चर ट्रेडिङ ठेगानाः धनगढी उ.न.पा-०३, कैलाली दर्ता नं.: १६१२०/०६८/६९ पान नं: ३०३६४२२२६ कर्जा शिर्षकः व्यवसायिक कर्जा	चन्द्र लाल कठरियाको नाममा दर्ता रहेको १. कैलाली जिल्ला धनगढी न.पा. वडा नं-०१ स्थित कित्ता नं ३७८ को जम्मा क्षेत्रफल ३३०.१४ व.मी को जग्गा, एक तले पक्की घर तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत। २. कैलाली जिल्ला धनगढी न.पा.वडा नं-०३ स्थित कित्ता नं ८२ को जम्मा क्षेत्रफल ३५५.७८ व.मी को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत। ३. कैलाली जिल्ला घोडाघोडी न.पा. वडा नं-०१ स्थित कित्ता नं १३६ को जम्मा क्षेत्रफल २१८ व.मी को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत। ४. कैलाली जिल्ला साविक कोटा तुल्सीपुर वडा नं-०१ हाल बर्दगोरिया गा.पा.वडा नं-०४ स्थित कित्ता नं २७८ र १०१७ को क्षेत्रफल क्रमश ०-२-० र ०-०३-१४ (५ कट्टा १४ धुर) को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत।	**चन्द्र लाल कठरिया** ठेगानाः ध.उ.न.पा-०३,कैलाली बुवाः छेदालाल कठरिया बाजेः राम स्वरुप कठरिया **सपना देवी कठरिया** ठेगानाः ध.उ.न.पा-०३,कैलाली ससुराः छेदालाल कठरिया श्रीमानः चन्द्र लाल कठरिया **आराधना कठरिया** ठेगानाः ध.उ.न.पा-०३,कैलाली ससुराः छेदालाल कठरिया श्रीमानः चन्द्र लाल कठरिया **आशिश कठरिया** ठेगानाः ध.उ.न.पा-०३,कैलाली बुवाः चन्द्र लाल कठरिया बाजेः छेदालाल कठरिया **सुरेन्द्र कठरिया** ठेगानाः ध.उ.न.पा-०३,कैलाली बुवाः चन्द्र लाल कठरिया बाजेः छेदालाल कठरिया

शिलबन्दी बोलपत्र सम्बन्धि शर्तहरूः १. शिलबन्दी बोलपत्र आह्वान सुचना प्रकाशित भएको मितिले १६ औं दिनमा सरकारी प्रतिनिधिको रोहवरमा अपरान्ह २ बजे संस्थाको शाखा कार्यालय धनगढी, कैलालीमा हुनेछ, सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट हुनेछ। २. खरिद गरि लिन चाहेको उल्लेखित सम्पत्ति के कति रकममा खरिद गरि लिन चाहेको हो, सो रकम अङ्क तथा अक्षरमा स्पष्ट हुनुपर्ने छ। आफुले कबोल गरेको रकमको घटिमा १० प्रतिशत रकम धरौटी स्वरुप संस्थाको नामको प्रभु बैंक लि कोटेश्वर शाखाको चल्ती खाता नं. ०१७००१७८१२४०००२६ मा जम्मा गरि सो को सक्कल भौचर बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्ने छ। ३. बोलपत्रवालाको नागरिकताको प्रतिलिपी बोलपत्र साथ समावेश हुनुपर्ने छ। ४. बोलपत्र खोलिने दिन बोलपत्र दाता स्वयं वा निजको आधिकारिक प्रतिनिधि तोकिएको समय भित्र नै उपस्थित हुन यसै सुचनाद्वारा जानकारी गराइन्छ। बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा नपर्ने र सो खोलिएको बोलपत्र उपर पछि कुनै किसीमको दावी तथा उजुरी लाग्ने छैन। बोलपत्र रित नपुगी आएका तथा शर्त राखी दिएको बोलपत्र उपर कुने कारवाहि गरिने छैन। ५. बोलपत्रमा कबुल अंकमा सो जेथा बिकी गर्ने नगर्ने अधिकार यस वित्तीय संस्थालाई हुनेछ। ६. कबुल अंकमा सो जेथा बिकी गर्ने निर्णय भएमा धरौटी रकम बाहेक बाँकी रकम संस्थाले तोकेको समयमा संस्थामा दाखिला गरि जेथा दाखेल खारेज गरि लान सकिनेछ। ७. बोलपत्र अस्वीकृत भएमा धरौटी फिर्ता गरिनेछ। बोलपत्र स्वीकृत भै सुचना गरीएमा सुचना गरेको मितिमा रकम दाखिला गरि जेथा दा.खा. गरि नलिएमा धरौटी जफत गरिनेछ। ८. सो जेथा दा.खा. गर्दा लाग्ने राजश्व र अन्य खर्च बोलपत्रवालाले व्यहोर्नु पर्नेछ। ९. विस्तृत जानकारीका लागि वित्तीय संस्थामा सम्पर्क राख्न सकिनेछ।

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड

Head Office: B.J. Bhawan, Pradarshani Marg, Kathmandu.
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167
Branch Office: Dhangadhi, Kailali. Tel: 091 523462/616
info@reliancenepal.com.np | www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा

वाइपिओ सिंगापुरका युवा उद्यमीलाई चौधरीको सम्बोधन

काठमाडौं/ नेपालको पूर्वाधार एवं उत्पादनमूलक क्षेत्रमा लगानीका अवसरहरू खोजी गर्न भन्दै योङ प्रेसिडेन्ट अर्गनाइजेसन (वाइपिओ) सिंगापुर च्याप्टरबाट तीन दर्जनभन्दा बढी युवा उद्यमीको टोली नेपाल भ्रमणमा आएको छ। उक्त टोलीले शुक्रबार उद्योगपति एवं सांसद विनोद चौधरीसँग विदेशी लगानीका सम्भावना र अवसरबारे छलफल गरेको छ।



नेपाल प्राकृतिक स्रोतमा धनी हुँदाहुँदै पनि पछाडि परिरहेको उद्योगी चौधरीले बताए। 'यदि उपलब्ध स्रोतको सही व्यवस्थापन गर्न सकेको भए देश धेरै धनी भइसक्थ्यो,' उनले भने, 'स्रोत हुनु मात्रै ठूलो कुरा होइन रहेछ, सही व्यवस्थापन पनि उत्तिकै महत्त्वपूर्ण रहेछ।'

नेपालले भिजिनरी नेता नपाउँदा उपलब्ध स्रोतको सही सदुपयोग हुन नसकेको उनको तर्क थियो।

चौधरीले आफ्नो व्यवसाय कसरी दक्षिण एसिया, मध्यपूर्व, युरोप, अफ्रिका हुँदै अमेरिकासम्म फैलियो भन्ने कथा पनि सुनाएका थिए। टोलीमा विश्वका विभिन्न चर्चित कम्पनीका लगानीकर्ता तथा प्रमुख कार्यकारीहरू सहभागी छन्। उड्डयन, वित्तीय प्रविधि, मिडिया, मनोरञ्जन, एआई, सिपिङ, हस्पिटालिटी, माइनिङलगायत क्षेत्रमा आबद्ध उद्यमीहरूले नेपालमा विदेशी लगानीको सम्भावनाबारे अध्ययन गर्नेछन्।

फर्किने प्रयासमा नेप्से सूचक

काठमाडौं/ यस साता तीन दिन भएको कारोबारमा नेप्से सूचक दुई हजारको विन्दुमा फर्किएको छ। अघिल्लो साता दुई हजारको मनोवैज्ञानिक तहबाट एक अंक तल झरेर १९ सयको विन्दुमा आइपुगेको बजार बिहीबार पुनः दुई हजारको विन्दुमा फर्किएको हो।

बिहीबार नेपाल बैंकर्स संघले वाणिज्य बैंकहरूले बचत ब्याजदर घटाउने निर्णय गरेसँगै त्यसको प्रभाव सेयर बजारमा देखिएको थियो। फलस्वरूप नेप्से परिसूचक ५० अंकले बढेर दुई हजार दुई दशमलव ७० विन्दुमा बन्द भएको थियो। यस साता नेप्से परिसूचक ३३ दशमलव ६८ अंक अर्थात् एक दशमलव ७४ प्रतिशतले बढेको छ।

तीन दिन भएको कारोबारमा चार अर्ब १६ करोड रुपैयाँको सेयर कारोबार भएको छ। औसत दैनिक कारोबार एक अर्ब ७४ रुपैयाँको भएको छ। अघिल्लो साता पाँच दिन भएको कारोबारमा आठ अर्ब ४३ करोड रुपैयाँको कारोबार भएको थियो। बजार बढ्ने संकेत पाएपछि लगानीकर्ता 'पर्ख र हेर'को अवस्थामा रहेका छन्। बिहीबार बजारमा सुधार आएसँगै लगानीकर्ता आशावादी बनेका हुन्। यतिवेला लाभांशको समय पनि करिब-करिब सकिने अवस्थामा पुगेको छ। यद्यपि, बजार करेक्सन हुँदै अघि बढ्ने प्रयासमा हुँदा लगानीकर्ता आत्तिइनहालेको लगानीकर्ता नयन बाँस्तोलाले बताए।

हार्दिक श्रद्धाञ्जली



जन्म
२०४४/१२/१७

स्वर्गारोहण
२०७९/११/१५

स्व. धन राज राना

यस बैंकका कर्मचारी **धन राज राना**को असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी परमेश्वरसंग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो।
इन्द्रै बिन्ती गरून् झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो॥

भावपूर्ण श्रद्धाञ्जली



जन्म
वि.सं. २०३५/११/२०

स्वर्गारोहण
वि.सं. २०७९/११/१५

स्व. प्रमोद महर्जन

हाम्रा सहकर्मी **प्रमोद महर्जन**को असामयिक निधन भएको १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

नयाँ पत्रिका
परिवार

शनिबार २७ फागुन ०७९
www.nayapatrikadaily.com
नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.ले.ह.नि.इ.नं. १७/०६९/७७०

युएईको हारले नेपाललाई फाइदा

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

आइसिसी पुरुष विश्वकप लिग-२ मा नेपाल २४ खेलसम्म पनि शीर्ष पाँच स्थानभित्र पर्ने सम्भावना निकै कम थियो । विश्वकप लिग-२ को सिरिजकै उत्तरार्द्धसम्म नेपाल १८ अंकका साथ पाँचौँ स्थानमा थियो । त्यसवेलासम्म युएई २९ अंकका साथ पाँचौँ स्थानमा बलियो देखिन्थ्यो । युएईले नेपालमाथि स्पष्ट ११ अंकको अग्रता लिएको थियो । विश्वकप लिग-२ अन्तर्गत अमेरिका र स्कटल्यान्डको भ्रमणमा दयनीय प्रदर्शन गरेको नेपालले नौ खेलपछि उल्टै तीन अंकको अग्रता लिने कसैले पनि सोचेकै थिएन । अब शीर्ष तीनमा नेपाल र नामिबियामध्ये एक पुग्नेछ ।

लिग-२ अन्तर्गत शुक्रबार पपुवा न्युगिनीसँग ५६ रनले पराजित भएपछि युएईको एकदिवसीय मान्यता धरापमा परेको छ । पपुवा न्युगिनीसँग लगातार तेम्रो खेलमा हार व्यहोरेको युएईको तेम्रो स्थानमा पुग्ने सबै बाटो बन्द भएको छ । गणितीय आधारमा समेत युएईको त्यो सम्भावना छैन । युएईले ३३ खेलबाट ३१ अंक बटुलेको छ । युएईले बाँकी तीन खेल जित्दा पनि तेम्रो स्थानमा रहेको नामिबियालाई उछिन्न सक्नेछैन ।

नामिबियाको ३९ अंक छ । युएईले आउने तीन खेलमा ६ अंक बटुल्दा पनि नामिबियासँग अंक बराबरी गर्न सक्दैन । अबको लक्ष्य भनेको युएईले केवल आफ्नो एकदिवसीय मान्यता रक्षा गर्न मात्र हो । एकाएक एकदिवसीय मान्यतासमेत जोगाउन मुस्किल परेको युएईका लागि आगामी दिनको प्रतिस्पर्धा त्यति सहज छैन ।

युएईको नेपालसँग दुई र पपुवा न्युगिनीसँग एक खेल खेल्न बाँकी छ । उत्कृष्ट फर्ममा रहेको नेपाललाई घरेलु भूमिमा हराउन मुस्किल छ । यद्यपि, युएईले आफ्नै भूमिमा दुई साताअघि नेपालमाथि जित निकालेको थियो । युएईले एकदिवसीय मान्यता रक्षा गर्न कम्तीमा दुई खेल जित्नुपर्छ । तर, यतिले पर्याप्त हुनेछैन । तीन खेल जित्दा युएईले अमेरिकासँग समान ३५ अंक बराबरी गर्नेछ । रनरेटका आधारमा युएई र अमेरिकाबीच एकदिवसीय प्रतिरक्षाको लडाइँ हुनेछ ।

पाँचौँ स्थानमा रनरेटसमेत बलियो बनाउन युएईले तीन खेलमा राम्रो नतिजा निकाल्नुपर्छ । सामान्य जितले युएईको एकदिवसीय मान्यता रक्षा हुँदै छ । पछिल्ला आठ खेलमा युएईको कमजोर ब्याटिङ प्रदर्शन हुनु नै कमजोर अवस्थामा पुगेको कप्तान मोहमुद वासिम मान्छन् । 'हाम्रो मध्यक्रम चलिरहेको छैन, बलरले राम्रो गरिरहे पनि ब्याटिङमै समस्या छ,' वासिमले भनेका छन्, 'युएईले पछिल्ला समयमा खराब नतिजा व्यहोर्नुपछाडि यही मात्र एक कारण हो ।'

एक जितको पर्खाइमा नेपाल

एक महिनाअघि मोन्टी देसाई नेपाली राष्ट्रिय क्रिकेट टोलीका प्रमुख प्रशिक्षक बने । मोन्टीको आगमनसँगै नेपाली टोलीमा एकाएक परिवर्तन आयो । वास्तवमै यतिवेला नेपाली टोली निकै बलियो बनिसक्यो । अहिले नेपाली खेलाडीलाई जितको बानी लागेको छ । रोहितकुमार पौडेलको कप्तानीमा नेपालले लगातार पाँच खेल जित्यो । पछिल्लो नौमध्ये आठ खेलबाट १६ अंक बटुलेको नेपाल अब आइसिसी एकदिवसीय विश्वकप छनोटको नजिक पुगेको छ ।

नेपालको अबको पहिलो लक्ष्य नै एकदिवसीय मान्यता चार वर्षका लागि रक्षा गर्नु हो । त्यसपछि मात्र शीर्ष तीनमा रही अर्को वर्ष जिम्बाबेमा हुने एकदिवसीय छनोट खेलमा स्थान बनाउनु हो । चौथो स्थानमा रहेको अमेरिकाले सबै ३६ खेल खेल्दै ३५ अंक बनाएको छ । आइतबार नेपालले युएईलाई हराउँदा नेपालले सन् २०२७ सम्मका लागि एकदिवसीय मान्यता रक्षा गर्नेछ । नेपालको जितले अमेरिका पाँचौँ स्थानमा पुग्नेछ । त्यसवेला अमेरिका र युएईबीच चार वर्ष कसले एकदिवसीय मान्यता पाउने भन्ने पक्षमा लडाइँ चल्नेछ । आफ्नो ३४औँ खेल गुमाउँदा नेपालको शीर्ष तीनको सम्भावना समाप्त हुनेछ । यस्तो अवस्थामा नामिबिया ३९ अंकका साथ एकदिवसीय छनोट खेलमा प्रवेश गर्नेछ । लगातार तीन जित निकाल्दा नेपालको ४० अंक हुनेछ । नेपाल शीर्ष तीनभित्र रही विश्वकप छनोटमा पुग्नेछ । यसै कारण पनि नेपालको नजरमा आउँदा तीन खेल महत्त्वपूर्ण हुनेछन् ।

विश्वकप लिग-२ को शीर्ष पाँच स्थानमा रहने राष्ट्रहरूले आ-आफ्ना एकदिवसीय मान्यता रक्षा गर्नेछन् । यद्यपि, एकदिवसीय मान्यता गुमाउने राष्ट्रहरूले अर्को एक अवसर प्राप्त गर्नेछन् । त्यो हो, प्ले अफ क्वालिफायर । प्लेअफ क्वालिफायर खेलमा शीर्ष चारभित्र रहने सके उनीहरूको एकदिवसीय मान्यता जोगिनेछ । अहिले प्लेअफ क्वालिफायरमा क्यानडा र जर्सी रहेका छन् ।



> पपुवा न्युगिनीसँग ५६ रनले पराजित भएको युएईले बाँकी सबै खेल जित्दासमेत तेम्रो स्थानमा रहेको नामिबियासँग अंक बराबर गर्न नसक्ने

युएई एक सय ९० रनमा अलआउट

विश्वकप लिग-२ अन्तर्गत एक सय ३६औँ खेलमा युएई पपुवा न्युगिनीसँग ५६ रनले पराजित भएको छ । शुक्रबार त्रिभुवन अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा पपुवा न्युगिनीले ५० ओभरमा नौ विकेट गुमाएर दुई सय ४६ रनको चुनौतीपूर्ण योगफल खडा गरेको थियो । प्रत्युत्तरमा युएई ४२.२ ओभरमा एक सय ९० रनमा समेटियो । पपुवा न्युगिनीले लगातार तेम्रो खेलमा युएईविरुद्ध ब्याटिङ र बलिङमा उत्कृष्ट प्रदर्शन गरिरहेको छ ।

लगातार तीन खेलमा युएईलाई निराश पार्ने क्रममा युएईका शीर्ष क्रमका ब्याट्सम्यानले अर्धशतकीय इनिङ्स खेले । ओपनर किपिन डोरिगा र हिरी हिरीले पहिलो विकेटका लागि १०.१ ओभरमा ७२ रनको साझेदारी गरे । हिरीले सेसे बाउसँग दोस्रो विकेटका लागि एक सय १२ रनको साझेदारी गर्दै पपुवा न्युगिनीलाई ३१.३ ओभरमा १८४-२ को बलियो स्थितिमा राखे । मध्यक्रमका ब्याट्सम्यानले गतिलो रन बटुल्न नसक्दा पपुवा न्युगिनीले पछिका सात विकेट ६२ रनमा गुमाएको थियो । किपिनले ४४ बलमा आठ चौका र दुई छक्का प्रहार गरी ५५ रन बनाए ।

हिरीले ८५ बलमा पाँच चौका र चार छक्का प्रहार गरी ७७ रन जोडे । बाउले एक सय ६ बलमा १० चौकाको सहयोगमा सर्वाधिक ८१ रन बनाए । प्रत्युत्तरमा युएईका लागि आर्यन लार्का र कप्तान वासिमले मात्र पपुवा न्युगिनीका बलरविरुद्ध डटेर खेले । वासिमले २७ बलमा ४१ रन तथा लार्काले ७२ बलमा पाँच चौका र एक छक्का प्रहार गरी ५१ रन जोडे ।

> तीन खेलमा शतप्रतिशत जित निकाल्दा नेपालले नामिबियालाई तेम्रो स्थानबाट विस्थापित गर्नेछ । नेपालको एक हारले नामिबियाको तेम्रो स्थान सुरक्षित रहनेछ ।

अंक तालिका

स्थान	राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
१	स्कटल्यान्ड	३६	२४	१०	५०	०.६४
२	ओमान	३६	२१	१३	४४	०.०३
३	नामिबिया	३६	१९	१६	३९	०.२९
४	अमेरिका	३६	१६	१७	३५	-०.०४
५	नेपाल	३३	१६	१५	३४	-०.१४
६	युएई	३३	१४	१६	३१	-०६८
७	पिएनजी	३४	५	२८	११	-०.६८

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान
भैसेपाटी, ललितपुर
मितिः २०७५/११/२७

व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान भैसेपाटी ललितपुरको आयोजनामा तपसीलमा उल्लिखित तालिम प्रदायक संस्थाद्वारा तोकिएको विषय, स्थान र संख्यामा **निःशुल्क रुपमा** आधारभूत सीपमूलक तालिम संचालन हुने भएकोले इच्छुक १८ वर्ष पुरा भई ४५ वर्ष उमेर ननाघेका कम्तिमा ८ कक्षा उत्तिर्ण नेपाली नागरिकले तालिममा सहभागीताको लागि १५ दिन भित्र सम्बन्धित तालिम प्रदायक संस्थामा आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

क्र.सं.	तालिमको विषय	तालिम संचालन हुने स्थान	संख्या	तालिम प्रदायक संस्थाको नाम तथा सम्पर्क नं.
१	ईलेक्ट्रिसीयन (३९० घण्टा)	बौदीकाली गा.पा. पूर्वी नवलपरासी	४०	श्री वर्ल्डलिङ्क टेक्निकल ट्रेनिङ इन्स्टिच्यूट प्रा.लि., टोखा, काठमाण्डौं। ०१-४९५०८३८, ९८५७०४०६७१, ९८४३०२१०३३
		वुलिङटार गा.पा, . पूर्वी नवलपरासी	४०	
		हुप्सेकोट गा.पा. . पूर्वी नवलपरासी	४०	
		विनयी त्रिवेणी गा.पा. . पूर्वी नवलपरासी	४०	
		मध्यविन्दु न.पा., . पूर्वी नवलपरासी	४०	
२	ब्यूटिसियन (३९० घण्टा)	रासी न.पा., चितवन	४०	
		टोखा न.पा., काठमाण्डौ	४०	
		वुलिङटार गा.पा, . पूर्वी नवलपरासी	४०	
		कावासोती न.पा., पूर्वी नवलपरासी	४०	
३	प्लम्बिङ (३९० घण्टा)	हुप्सेकोट गा.पा. . पूर्वी नवलपरासी	४०	
		कावासोती न.पा., पूर्वी नवलपरासी	४०	
		विनयी त्रिवेणी गा.पा. . पूर्वी नवलपरासी	४०	
		गैडाकोट न.पा., पूर्वी नवलपरासी	४०	
		मध्यविन्दु न.पा., . पूर्वी नवलपरासी	४०	
४	हाउस किपिङ (१६६ घण्टा)	मध्यपुर थिमी न.पा-१ भक्तपुर	४०	श्री ईलाइट इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेण्ट कन्सल्टेन्ट, ०१-६६३६२१८, ९८०१०५४१४३
५	हाउस किपिङ (१६६ घण्टा)	देवघाट गा.पा.-५ तनहुँ	२०	श्री ब्रिलियण्ट मेनपावर ट्रेनिङ सेन्टर प्रा.लि. गंगवु-२९ काठमाण्डौं। ०१-४९६५९२१, ९८५१०७२७२५
		पोखरा म.न.पा.-१०कास्की	४०	
		कावासोती न.पा.-१५ नवलपरासी पूर्व	२०	
		कावासोती न.पा.-७ नवलपरासी पूर्व	२०	
६	कूक (१६० घण्टा)	मध्यनेपाल न.पा.-६ लमजुङ	२०	
		मध्यनेपाल न.पा.-९ लमजुङ	२०	
		नीलकण्ठ न.पा.-४ धादिङ	४०	
		काठमाण्डौ म.न.पा.-२६,काठमाण्डौ	४०	
		वुढानिलकण्ठ न.पा.-११, काठमाण्डौ	२०	
		तारकेश्वर न.पा.-४,काठमाण्डौ	२०	
७	वेट्रर /वेट्रेश (१६६ घण्टा)	ललितपुर म.न.पा., -२०ललितपुर	४०	
		भरतपुर म.न.पा.,-१०चितवन	४०	
		रत्ननगर.न.पा.,-७ चितवन	४०	
		निलकण्ठ न.पा.-४ धादिङ	२०	
		ऋषिङ्ग गा.पा.-१ तनहुँ	२०	
		मध्य नेपाल न.पा.-७लमजुङ	२०	
		मध्य नेपाल न.पा.-६लमजुङ	२०	
८	वेकर (१६० घण्टा)	काठमाण्डौ म.न.पा.-२६	४०	
		वूढानीलकण्ठ न.पा.,-११काठमाण्डौ	४०	
		ललितपुर म.न.पा.-२०,ललितपुर	४०	
		भरतपुर म.न.पा.,-१०चितवन	४०	
		पोखरा म.न.पा.,-१३कास्की	४०	
९	मेशन (३९० घण्टा)	देवचुली न.पा. पूर्वी नवलपरासी	४०	श्री सिमेका हुमन रिसोर्स एकेडेमी प्रा.लि.,०१-४१११५९७, ०१-४४७८२३४, ०१-५२२५३६९
		विनयी त्रिवेणी गा.पा. पूर्वी नवलपरासी	४०	
		खैरहानी नगरपालिका, चितवन	२०	
१०	कुक (१६० घण्टा)	माछापुच्छ्रे गा.पा.-४, कास्की	४०	जिनियस मल्टि टेक्निकल इन्स्टिच्यूट प्रा.लि.,०६१-५८२६५८, ९८४८१२३७४१
		अन्नपूर्ण गा.पा-६, कास्की	४०	
		रुपा गा.पा.-६, कास्की	२०	
		कालीगण्डकी गा.पा-४, स्याङ्जा	४०	
११	मोवाइल फोन रिपियर (३९० घण्टा)	काठमाण्डौ म.न.पा. काठमाण्डौ	२०	जीभ क्यारिअर इन्स्टिच्यूट प्रा.लि., अनामनगर काठमाण्डौं ०१-५१७२६५०, ९८५१०१३६२३
		शंखरापुर नगरपालिका काठमाण्डौ	२०	
		हैटौडा उ.म.न.पा.	२०	
		विनयी त्रिवेणी गा.पा. नवलपरासी पूर्व	२०	
		कोल्हवी न.पा. ,वारा	२०	
१२	कार्पेन्टर (३९० घण्टा)	शुक्ला गण्डकी न.पा- ,तनहूँ	४०	कान्तिपुर वहु प्राविधिक शिक्षालय, भरतपुर-९ चितवन ०५६-५२३४३४, ०५६-५२००९६, ९८५५०५९९०९
		आँबुखैरेनी गा.पा- ,तनहूँ	२०	
		व्यास न.पा.- ,तनहूँ	४०	
		माडी नगरपालिका- चितवन	४०	
		खैरहनी नगरपालिका- चितवन	४०	
		रत्ननगर नगरपालिका-चितवन	२०	
१३	कम्प्यूटर मर्मत (३९० घण्टा)	भिमाद नगरपालिका- तनहूँ	२०	
		आँबुखैरेनी गा.पा- ,तनहूँ	४०	
		भरतपुर म.न.पा.-चितवन	४०	
		माडी नगरपालिका- चितवन	४०	
		रत्ननगर नगरपालिका-चितवन	४०	
		कालिका नगरपालिका चितवन	२०	
१४	होमस्टे अपरेटर (३९०)	देवघाट गा.पा. तनहुँ	४०	
		गैडाकोट नगरपालिका पूर्व नवलपरासी	२०	
		ईच्छाकामना गा.पा. चितवन	४०	
१५	हाउस किपिङ (३९० घण्टा)	रत्ननगर नगरपालिका, चितवन	४०	काठमाण्डौ इन्स्टिच्यूट अफ हस्पिटालिटी म्यानेजमेण्ट प्रा.लि., कुपनडोल ललितपुर ०१-५५२३६४८, ०१-५०११६७८, ९८५१००३२५३
		व्यास न.पा. तनहुँ	२०	
		कावासोती न.पा. पूर्वी नवलपरासी	४०	
१६	वेट्रर /वेट्रेश (१६६ घण्टा)	ईश्वरपुर न.पा., सर्लाही	२०	
१७	टेलरिङ (३९० घण्टा)	टोखा नगरपालिका, काठमाण्डौ	४०	नवरत्न टेक्निकल ट्रेनिङ इन्स्टिच्यूट प्रा.लि.,०१-४९६५९६४, ९८५१००४४३३
		बुलिङटार गा.पा., पूर्वी नवलपरासी	४०	
		कावासोती न.पा. ,पूर्वी नवलपरासी	४०	
		रत्न नगर नगरपालिका चितवन	४०	
		गैडाकोट न.पा. पूर्वी नवलपरासी	४०	
१८	वेट्रर /वेट्रेश (१६६ घण्टा)	बौदीकाली गा.पा. पूर्वी नवलपरासी	४०	
		रत्ननगर नगरपालिका, चितवन	४०	
		गैडाकोट न.पा. पूर्वी नवलपरासी	४०	
		रासी नगरपालिका चितवन	४०	
१९	फेशन डिजाइन (४६० घण्टा)	कावासोती न.पा. ,पूर्वी नवलपरासी	४०	
		मध्यविन्दु न.पा. पूर्वी नवलपरासी	४०	
		हुप्सेकोट गा.पा. पूर्वी नवलपरासी	४०	
		खैरहनी न.पा. चितवन	४०	
२०	हाउस पेन्टर (१६३ घण्टा)	ऋषिङ्ग गा.पा. ,तनहुँ	२०	नारायणी पोली टेक्निकल इन्स्टिच्यूट प्रा.लि., भरतपुर-९ चितवन ९८५५०५४९१४, ०५६-५२७२९६
		व्यास न.पा. ,तनहुँ	४०	
		भानु न.पा. तनहु	२०	
		भरतपुर म.न.पा., चितवन	४०	
		माडी न.पा. ,चितवन	४०	
		खैरहनी न.पा., चितवन	४०	
२१	मोवाइल फोन रिपियर (३९० घण्टा)	इच्छाकामना गा.पा, चितवन	४०	नेपाल उद्यमी विकास परामर्श केन्द्र प्रा.लि ९८५५०५२१४१
		मनहरी गा.पा, मकवानपुर	४०	
		खैरहनी न.पा., चितवन	४०	
२२	पोल्टी फर्म टेक्निसियन (३९० घण्टा)	हरिवन न.पा., सर्लाही	२०	पिरामिड टेक्निकल इन्स्टिच्यूट प्रा.लि., ०२५-५८८८२६, ९८५२०८९७०७
		ईश्वरपुर न.पा., सर्लाही	४०	
२३	मेशन (३९० घण्टा)	जनकपुरधाम उ.म.न.पा , धनुषा	४०	ट्रेडलिङ्क टेक्निकल ट्रेनिङ इन्स्टिच्यूट प्रा.लि., महाराजगंज काठमाण्डौं ०१-४३७०१२१, ९८५११७९३२२
		लक्ष्मीनियाँ गा.पा. धनुषा	२०	
		बलवा न.पा. महोत्तरी	४०	
२४	बारिष्टा (३९० घण्टा)	पोखरा महानगरपालिका, कास्की	४०	एसिया टेक्निकल टेनिङ इन्स्टिच्यूट प्रा.लि ०६१-५२०७८०, ९८५६०३४५५१
		रुपा गाँउपालिका- ४ र ६ कास्की	४०	
		शुक्लागण्डकी नगरपालिका तनहुँ	४०	

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com